अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान

ABHIYAN WEEKLY साप्ताहिक

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ३८ / २०८३ वैशाख ११ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Apr. 24, 2026 / मूल्य रु. १०/-

## सभापति र पार्टीका सांसदहरूको मुख बन्द ?

काठमाडौ । जान्नेलाई छान्ने भनिएको रास्वपाका सांसद सुधन गुरूङलाई प्रधानमन्त्री बालेन साहको जोडबलमा गृहमन्त्री बनाएको प्रति रास्वपाकै केही नेताहरु र केही सांसदहरूले विरोध गरेका थिए । तर उनीहरूको विरोधको कुनै सुनुवाई नै भएन । त्यसको एउटै कारण थियो प्रधानमन्त्री साह र तत्कालिन मन्त्री गुरूङका संरक्षक एउटै संस्था वा व्यक्ति हुन् । अहिले त्यही संस्था वा व्यक्तिले उनलाई बचाईरहेको छ ।

पछिल्लो समयमा मन्त्री गुरूङ विवादको घेरामा तानिएका थिए । उनले विचौलिया दीपक भट्टसँग मिलेर आर्थिक कारोबार गरेको र भट्टका कम्पनीहरूमा उनको शेयर रहेको विषयले मन्त्री गुरूङले राजिनामा दिनुपर्ने माग उठिरहेको बेला मन्त्री गुरूङले फेसबुकमार्फत स्पष्टीकरण दिएका भएपनि त्यो स्पष्टीकरण समेत

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# सांसदलाई सम्पत्ति शुद्धीकरण मुद्दा लागेपनि निलम्बन नहुने

## रविलाई हेरेर प्रतिनिधिसभा नियमावलीमा २५९ थपियो



देवेन्द्र चुडाल

काठमाडौं ।गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनमा झण्डै दुई तिहाई मत ल्याएर सरकार गठन गरेको रास्वपा नेतृत्वको बालेन सरकार आफैंभित्र विवादको घेरामा तानिएको छ । बालेन साह नेतृत्वको सरकारमा गृहमन्त्री रहेका "हामी नेपाल" नामक संस्थाका अध्यक्ष समेत रहेका गृहमन्त्री सुधन गुरूङले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्दा झुठो विवरण पेश गरेको भन्दै उनको राजिनामा माग भैरहेकोले उनले अस्ति ९ गते पदबाट राजिनामा दिएका छन् । तर, त्यस विषयमा प्रधानमन्त्री बालेन साह भने चुपचाप रहेका छन् ।

गुरूङले सार्वजनिक गरेको सम्पत्ति विवरणका बारेमा विभिन्न अड्कलबाजी भैरहेको र उनी विचौलिया दीपक भट्टसँग जोडिएका समाचारहरु प्रकाशित र प्रसारित भैरहेका थिए । तर त्यस विषयमा प्रधानमन्त्री साह भने मौन बस्नुले अरू आशंका बढाएको थियो । रास्वपाका सभापति रवि लामिछानेले केही दिन पहिला तत्कालिन श्रममन्त्री दीपक कुमार साहलाई अनुशासनहिन कार्य गरेको भन्दै राईट टु रिकल भनेर प्रधानमन्त्री साहलाई पत्र लेख्दै श्रममन्त्री साहलाई बर्खास्त गर्न सिफारिस गरेनुसार प्रधानमन्त्रीले उनलाई बर्खास्त गरेका थिए ।

'जान्नेलाई छान्ने' भन्ने रास्वपाले एउटा मन्त्रीलाई १४ दिनमै सफाईको मौका समेत नदिई बर्खास्त गऱ्यो तर आफ्नो सम्पत्ति विवरण नै गलत सार्वजनिक गरेको र विचौलिया दीप भट्टसहित शंकर ग्रुपसँग संलग्न रहेका प्रमाणहरु सार्वजनिक भएका भएपनि रास्वपाले गृहमन्त्री गुरूङका विषयमा भने उनलाई राजिनामा गराएको छ । गुरूङ नै अध्यक्ष रहेको हामी नेपाल संस्थाले विचौलिया दिपक भट्टलाई केही वर्ष पहिला ठुलो सहयोगी दाता भन्दै सम्मान गरेका

>>> बाँकी ८ पेजमा

## प्रधानमन्त्री बालेन र तत्कालिन गृहमन्त्री गुरूङका मालिक एउटै ?

काठमाडौं । गत भाद्र २३ गते जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाँड्न आएको हुँ म जेनजी समूहको नेता होइन भने सुधन गुरूङले भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन गर्न अनुमति माग्दै जिल्ला प्रशासन कार्यालय (सिडियो)मा सुधनले नै सही गरेर पत्र पठाएका थिए । तर किन उनले आफू पानी बाँड्नमात्र आएको हुँ जेनजीहरूले नेता होइन भन्ने अभिव्यक्ति दिए त्यो नै रहस्यको विषय बनेको छ ।

भाद्र २३ गतेको विरोध प्रदर्शनलाई उग्र बनाउन र सुरक्षा निकायलाई गोली हान्न बाध्य पार्ने मध्येको टिओवी ग्रुप सुधनले नै ल्याएको प्रष्ट भएको छ । भाद्र २४ गतेको विध्वसात्मक कार्यमा टिओवी ग्रुप सक्रिय रहेको र रास्वपाका धेरै नेताहरु समेत आगजनी र तोडफोडमा

>>> बाँकी ८ पेजमा

## स्थानीय तहको अधिकारमाथि शिक्षामन्त्रीको हस्तक्षेप

काठमाडौं । नेपालको संविधान २०७२ को अनुसूची ८ ले विद्यालय शिक्षा (आधारभूत माध्यामिक तहसम्मको) अधिकार स्थानीय तहलाई दिएको छ । यस्तै शिक्षा नियमावली २०५९ (संशोधन सहित)मा विद्यालयको शैक्षिक सत्र वैशाख १ गते देखि प्रारम्भ भै चैत्र मसान्तसम्म कायम रहने र एक शैक्षिक सत्रमा कम्तिमा दुई सय २० दिन भन्दा कम हुन नहुने व्यवस्था गरिएको छ ।

सर्बोच्च अदालतले समेत गत चैत्र २० गते वैशाख २ गतेदेखि १५ गतेसम्म भर्ना र त्सपछि पठन पाठन थाल्न आदेश जारी गरेको थियो । अहिले यिनै सम्वैधानिक र कानुनी अधिकार देखाउँदै स्थानीय तहहरूले विद्यार्थी भर्ना

>>> बाँकी ८ पेजमा

## बालेन र सुधनका संरक्षकहरू को–को हुन् ?

काठमाडौं । गत भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने तत्कालिन गृहमन्त्री सुधन गुरूङमाथि जेनजी अगुवाहरूले आन्दोलनलाई हाइज्याक गरेर भाद्र २४ गते विध्वसात्मक कार्य गरेको बताउँदै गृहमन्त्री समेत रहेका गुरूङलाई पक्राउ गरी अनुसन्धान गर्न प्रहरीकहाँ उजुरी दिएका छन् । गुरूङले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्दा झुठो विवरण सार्वजनिक गरेको र जेनजीहरूको आन्दोलन पछि ५० लाखको शेयर खरिद गरेको सार्वजनिक भएपछि गुरूङमाथि राजिनामा दिन दबाव बढ्दै गएको थियो ।

रास्वपाका सभापति रवि लामिछाने आफू निकट डिपी अर्याललाई गृहमन्त्री बनाउन चाहान्थे तर रास्वपाका वरिष्ठ नेता बालेन साहले उनको नाममा सहमति जनाएनन् । उनले सभापति लामिछानेलाई भने सोध्नुपर्दछ भने तर कसलाई सोध्ने भन्ने उनलाई प्रष्ट पारेनन् । सुशिला कार्कीलाई प्रधानमन्त्री बनाउन सुधन गुरूङ, बालेन साह र नेपाली सेनाका प्रधान सेनापतिको जोडबल थियो । कार्की प्रधानमन्त्री बनिन् । कार्कीले नै सुधनलाई गृहमन्त्री बनाउन आफू र प्रधानसेनापतिले दवाव दिएका समाचारहरु प्रकाशित प्रसारित मात्र भएका छैनन् सामाजिक सञ्जालमा छरपष्ट समेत भएका छन् ।

>>> बाँकी ८ पेजमा

## प्रदेश सरकार र स्थानीय तहको अधिकार खोस्दै बालेन सरकार

काठमाडौं । जान्नेलाई छान्ने भन्ने रास्वपाले सरकारको नेतृत्व गरेको एक महिना पुग्न लागेको छ ।रास्वपाका वरिष्ठ नेता बालेन साह प्रधानमन्त्री बनेका छन् । साह नेतृत्वको सरकारले नेपालको संविधान उल्लंघन गर्ने कार्यलाई तिव्रता दिंदै आएको छ । साह प्रधानमन्त्रीमा नियुक्त भएकै दिन तत्कालिन प्रधानमन्त्री केपी ओली र तत्कालिन गृहमन्त्री रमेश लेखकलाई जरूरी पक्राउ पुर्जी जारी गरेर चैत्र १४ गते शनिबार विहानै उनीहरूको निवासबाटै पक्राउ गऱ्यो । उनीहरूलाई पक्राउ गर्ने निर्णय साहले प्रधानमन्त्रीको कार्यभार सम्हालेकै दिन गरेका थिए । पक्राउ जरूरी



पक्राउ पुर्जी जारी हुनुपर्ने अवस्था नै थिएन तर पनि जरूरी पक्राउ पुर्जीको दुरूपयोग गर्दै ओली र लेखकलाई पक्राउ गरियो ।

जरूरी पक्राउ पुर्जी जारी नगर्दा आरोपितहरु भाग्न सक्ने र प्रमाण नष्ट गर्न सक्ने भएमा मात्र जरूरी पक्राउ पुर्जी जारी गर्न सक्ने कानुनी फौजदारी कार्यविधिमा उल्लेख गरिएको भएपनि त्यसलाई वेवास्ता गरिएको भन्दै ओली र लेखकको पक्राउ असम्वैधानिक भएको ठहर सर्बोच्च अदालतले गरेको हुनाले अदालतको आदेश अनुसार उनीहरु चैत्र २६ गते रिहा भएका हुन् ।

>>> बाँकी ८ पेजमा

## पार्टीलाई विभाजित गराउने कि एक बनाउने जिम्मेवारी थापाकै काँधमा

काठमाडौं । मुलुककै पुराना भनिएका दलहरु मध्येका नेपाली कांग्रेस र नेकपा एमाले अहिले बेला जीवन मरणको अवस्थामा रहेका छन् । आफूलाई लोकतन्त्र र प्रजातन्त्रको हिमायती भन्ने नेपाली कांग्रेस अहिले जीवन मरणको अवस्थामा पुगेको छ । गत फागुन २१ गते भएका प्रतिनिधिसभाको निर्वाचनमा नराम्रोसँग पराजित हुनु परेका कांग्रेस, एमाले आफ्नै कारण कमजोर अवस्थामा पुगेका छन् । दलहरु भित्र लोकतान्त्रिक चरित्र नभएको र पक्ष विपक्ष जस्तो भएर गुट उपगुट सञ्चालन गर्दै आएका हुनाले कांग्रेस, एमाले कमजोर अवस्थामा पुगेका हुन् ।

कांग्रेस, एमाले अहिलेको कमजोर



अवस्थामा पुगेको यो पहिलो पटक होइन । विगतमा पनि कांग्रेस, एमाले कमजोर अवस्थामा पुगेको इतिहास साक्षी रहेका छन् । त्यसबेला तत्कालिन माओवादी केन्द्र सबै भन्दा ठुलो पार्टी भएको थियो । तर, उसले पनि आफ्नै त्यो हैसियतलाई टिकाई राख्न सकेन । त्यही कारणले गर्दा फेरी नेपाली कांग्रेस र एमाले जुरूक्कै उठ्न सफल भएका थिए ।

एक पटकको निर्वाचन परिणामले मात्र दलहरूको मूल्यांकन हुन सक्दैन । उनीहरूले जनताप्रति गर्ने व्यवहारले नै उनीहरूको मूल्यांकन जनताले गर्ने भएकाले एक पटकको

>>> बाँकी ८ पेजमा

## सुकुम्बासी बस्ती खाली गराउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौं । प्रधानमन्त्री बालेन्द्र शाहले थापाथली क्षेत्रको सुकुमबासी बस्ती खाली गराउन निर्देशन दिएका छन् । बुधबार आईजीपी दानबहादुर कार्की र सशस्त्र प्रहरीका आईजी राजु अर्यालसहितका उच्च सुरक्षा अधिकृतहरूलाई बोलाएर उनले सो निर्देशन दिए । शनिबार र आइतबारसम्ममा बागमति खोला किनारको बस्ती खाली गराउन प्रधानमन्त्रीले निर्देशन दिएका थिए ।

बालेन काठमाडौं महानगरको मेयर हुँदा पनि उनले सुकुमबासी बस्ती हटाउने प्रयास गरेका थिए । त्यसबेला सुकुमबासीहरूले गरेको प्रतिवादका कारण महानगरको प्रयास बिफल भएको थियो । त्यसबेला हटाउन नसकेको सुकुम्बासी बस्ती अहिले प्रधानमन्त्री भएको बेला हटाउन आदेश दिएका छन् भने मुलुकभरकै अन्य ठाउँमा समेत सुकुम्बासी बस्तीमा डोजर आतंक मच्चाईएको आरोप स्थानीयको छ ।

# Middle East conflict and global economic outlook

Dr Omer Javed

In the Spring Meetings of the International Monetary Fund (IMF), and World Bank that happened during April 13-18, one clear message coming out is that global economic outlook has worsened, with the IMF indicating scenarios depicting the likely extent of impact depending on how much, and how long the Middle East conflict continues, which started on February 28.

While the complete April edition of the flagship bi-annual 'World Economic Outlook' (WEO) report, with specific sub-title for this edition titled 'Global economy in the shadow of war' will be released on April 30, the executive summary released in advance first of all rightly highlighted forecasting difficulty in these highly uncertain times, and its scenario-based reflections, pointed out 'Given the difficulty of underpinning in real time a consistent set of assumptions for projections, this World Economic Outlook (WEO) report presents a "reference forecast"—in lieu of the traditional baseline—predicated on the assumption that the war will have limited duration, intensity, and scope, such that the disruptions will fade by mid-2026, consistent with commodity futures prices as of March 10. However, given the fluidity of the situation, the report complements the global reference forecast with scenarios in which the conflict lasts longer or expands. The likelihood of these scenarios materializing rises progressively as hostilities and associated disruptions continue.'

But under a weak level of multilateralism, a meaningful level of financial support is yet to come, especially for developing countries. Moreover, the misgivings of the practice of overboard monetary austerity policies in the wake of Covid-19 pandemic, and Ukraine War mainly supply-side-disruption-caused inflationary pressures led to many countries paying more than needed growth sacrifice for at-best short-term stabilization, along with built-up of debt in the wake of higher interest payments. Hence, a more balanced aggregate demand-, and supply-side policies need to be adopted to not make economic matters worse, especially for developing countries, with already limited fiscal space, and high debt distress in general.



Noted Financial Times (FT) columnist, Martin Wolf, in his April 15 published article 'The mix of chaotic politics and a resilient economy can't last' indicated a high level of uncertainty, and scenario-building by IMF, pointed out 'The IMF's latest World Economic Outlook starts with a discussion of uncertainty. The current war in the Middle East is a big source of such uncertainty. The ups and downs of US trade policy under Trump are another, not to mention the war in Ukraine and the ruptures in the western alliance. Not surprisingly, various measures of political and economic uncertainty are elevated… Given this background, the IMF has in recent years taken a novel approach to its forecasts. Instead of the traditional "baseline", it presents a "reference forecast", based on the assumption that the disruptions caused by the war with Iran will fade by mid-2026. But it also adds "adverse" and "severe" scenarios. In the former, a more prolonged conflict would keep energy prices higher for longer. In the latter there would be even more extensive damage to energy infrastructure in the region.'

Hence, growth, and inflation projections under different scenarios were pointed out in the WEO report's executive summary as 'Under the reference forecast, global growth is projected to be 3.1 percent in 2026 and 3.2 percent in 2027, slower than its recent pace of about 3.4 percent in 2024–25, and to settle at about that rate in the medium term, slower than its historical (2000–19) average of 3.7 percent. …Under an adverse scenario with larger and more persistent increases in energy prices, global growth would slow further to 2.5 percent in 2026, and inflation would reach 5.4 percent. Under a more severe scenario in which there is more damage to energy infrastructure in the conflict region, the impact would be even larger: Global growth would be cut to only about 2 percent in 2026, while headline inflation would be just above 6 percent by 2027. The impact on emerging market and developing economies would be almost twice that on advanced economies.'

There is indeed a serious concern developing that given the main inflationary channel being supply shock, for instance, of oil, and fertilizer, the impact on the economy may become stagflationary– slowing down of growth, and rising inflation, along with rising unemployment. This will likely not only negatively impact countries' economies in general globally, but especially net oil importing developing countries, like Pakistan, for instance in terms of higher import payments needs, increase in debt distress, and higher fertilizer prices producing negative shock in the agricultural sector in general, but also more specifically in terms of food security; not to mention the overall negative impact in terms of likely enhancement in poverty, and income inequality.

Impact on debt is likely to be also because lack of any financial support announced by IMF for instance in terms of enhanced special drawing rights (SDRs) allocation, resulting in turn, creating larger pressures on an otherwise limited fiscal space of countries to provide much-needed subsidy to protect overall economic activity, and in terms of social protection of low-income groups against higher oil, and fertilizer prices for instance. Highlighting rising debt pressures, an April 15, New York Times (NYT) published article 'Debt alarms ring as countries rack up more emergency spending' pointed out 'The risk is that the immediate economic costs of the conflict could balloon into a bigger fiscal crisis if governments increase borrowing to fund sweeping aid programs. Even after traffic eventually resumes through the Strait of Hormuz, the impact on supply chains for energy, fertilizers and other commodities could linger for months and possibly years. That means households and businesses would have to contend with sustained higher inflation and slower economic growth. At the same time, calls for more support will grow.'

But under a weak level of multilateralism, a meaningful level of financial support is yet to come, especially for developing countries. Moreover, the misgivings of the practice of overboard monetary austerity policies in the wake of Covid-19 pandemic, and Ukraine War mainly supply-side-disruption-caused inflationary pressures led to many countries paying more than needed growth sacrifice for at-best short-term stabilization, along with built-up of debt in the wake of higher interest payments. Hence, a more balanced aggregate demand-, and supply-side policies need to be adopted to not make economic matters worse, especially for developing countries, with already limited fiscal space, and high debt distress in general

# मध्यपूर्वका सबै देशमा खुल्यो श्रम स्वीकृति

काठमाडौं । अमेरिका–इजरायल र इरान युद्धका कारण वैदेशिक रोजगारीमा जाने युवाका लागि रोकिएको मध्यपूर्वको श्रमस्वीकृति खुलेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवले सोमबार दिउँसो मध्यपूर्वका सबै देशमा श्रम स्वीकृति खुला गर्ने निर्णय गरेका हुन् ।

सरकारले १७ फागुनदेखि लागू हुने गरी मध्यपूर्वका साउदी अरेबिया, युएई, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलमा श्रमिकलाई पठाउन रोक लगाएको थियो । तर, युद्ध मत्थर हुँदै आएपछि ती सबै देशमा पुनः श्रम स्वीकृति खुला भइसकेकोमा सोमबारदेखि नयाँ श्रम स्वीकृति पनि जारी गर्ने निर्णय भएको हो ।


वैदेशिक रोजगार व्यवसायी संघले पनि सात हजारभन्दा बढी श्रमिकको भिसा लागिसकेकाले नयाँ श्रम स्वीकृति खोल्न सुझाव दिँदै आएको थियो । वैदेशिक रोजगार विभागकी महानिर्देशक मिरा आचार्यले मन्त्रीस्तरीय निर्णयबाट मध्यपूर्वको श्रम स्वीकृति खोलिएको जानकारी दिइन् । उनका अनुसार मंगलबारबाट श्रम स्वीकृति जारी हुनेछ । व्यवसायीहरूले मध्यपूर्वका देशहरूमा नयाँ श्रम स्वीकृति रोकिएपछि अन्तिम चरणमा पुगेका हजारौँ नेपाली कामदार अलपत्र परेको गुनासो गर्दै आएका थिए । संघले सात हजार आठ सय ८८ कामदारलाई तत्काल अन्तिम श्रम स्वीकृति दिन सरकारसँग लिखित मागसमेत राखेको थियो ।

१७ फागुनदेखि मध्यपूर्वका १२ देशमा नयाँ श्रम स्वीकृति रोकिएपछि नेपाली श्रमिक मलेसियातर्फ मोडिएका छन् । वैदेशिक रोजगार विभागका अनुसार चैतमा सबैभन्दा बढी १८ हजार ६ सय ४९ श्रमिक मलेसिया गएका छन् । त्यसपछि युएई ११ हजार चार सय ६३, कतार आठ हजार नौ सय ५९ र साउदी आठ हजार नौ सय २० जना पुगेका छन् । युएई, कतार र साउदी जाने सबै पुनः श्रम स्वीकृति लिएका हुन् ।


चैतमा रोमानिया, जापान, साइप्रस, माल्दिभ्स, पोर्चुगल र माल्टा जानेको संख्या पनि बढेको विभागले जनाएको छ । चैतमा कुल ६१ हजार आठ सय १९ श्रमिक एक सय एक मुलुक पुगेको विभागले जनाएको छ । सामान्य अवस्थामा भने साउदी अरेबियामा सबैभन्दा बढी श्रमिक जाने गरेका थिए । त्यस्तै, प्रमुख १० गन्तव्य मुलुकहरूमा युरोपेली देशको संख्या नगण्य हुन्थ्यो, तर मध्यपूर्वका १२ देशमा नयाँ श्रम स्वीकृति रोकिँदा चैतमा प्रमुख १० गन्तव्य मुलुकमध्ये चारवटा युरोपियन देश परेका छन् ।

वैदेशिक रोजगार व्यवसायी संघले थप व्यवस्थित, पारदर्शी, श्रमिकमैत्री तथा मर्यादित श्रम बजार बनाउनुपर्ने भन्दै श्रम मन्त्रालयलाई सुझाव पेस गरेको छ । संघले सोमबार दिउँसो बुझाएको पत्रमा प्रत्येक गन्तव्य मुलुकअनुसार कामदार पठाउँदा लाग्ने अधिकतम लागत निर्धारण गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । हालको फ्री भिसा, फ्री टिकट नीति लागू नभएकाले व्यावहारिक नीति लिनुपर्ने संघको भनाइ छ । 'कामदारको लागत निर्धारण अस्पष्ट र अव्यावहारिक भएका कारण यो क्षेत्रमा धेरै विकृतिसमेत बढेका छन् र कामदार नै अन्यायमा परी राज्यले समेत राजस्व घाटा व्यहोरिरहेको छ,' संघले बुझाएको पत्रमा भनिएको छ, 'इजाजतप्राप्त संस्थाहरूलाई कामदारको एक महिनाको तलबबराबर मुनाफा लिन पाउने व्यवस्था लागू गरी सोही आधारमा राज्यलाई बुझाउनुपर्ने कर तथा राजस्व नियमित रूपमा संकलन गरिनुपर्छ ।'

त्यस्तै, राष्ट्र बैंकमार्फत सहुलियत कर्जा सरल, छिटो तथा प्रभावकारी रूपमा उपलब्ध गराउने नीति कार्यान्वयन गर्नुपर्ने माग पनि राखिएको छ । युरोपियन देशहरूबाट पनि मागपत्र प्रमाणीकरण सुरू हुनुपर्ने र दूतावास वा कूटनीतिक नियोग नभएका मुलुकबाट प्राप्त हुने मागपत्रका लागि सक्कल कागजात नेपालमै झिकाई वैदेशिक रोजगार विभागमार्फत स्वीकृति दिने व्यवस्था लागू गरिनुपर्ने सुझाव पनि दिइएको छ ।



# झिकिदे गाँडभन्दा थपिदे गाँडजस्तो नहोस्



• राजन कार्की
rajan2012karki@yahoo.com

जेनजी पुस्ताले परिवर्तन खोजे, जनताले परिवर्तन रोजे । जनताले खोजेको परिवर्तन आएको छ, यो परिवर्तन झिकिदे गाँडभन्दा थपिदे गाँडजस्तो नहोस् । अनुभव नहोला, कमजोरी देखिएला, समयले परिपक्व बन्ने अवसर दिएकै छ । अब पनि केटाकेटी आए-गुलेली खेलाए गए, मट्याङ्ग्राको सत्यानास भन्ने उखान जस्तो परिस्थिति आयो भने नेपालको अस्तित्व कसैले पनि बचाउन सक्नेछैन । नेपाल र नेपालीत्व बचाउने भार जेनजी पुस्ताले बोक्न खोजे, जनताले बोकाइदिए । जेनजी पुस्ताका सामु कि गर, कि मर ? को बाध्यकारी राजनीतिक परिस्थितिको सिर्जना भएको छ ।

पञ्चायत फालेर शान्ति, समृद्धि, सुशासन, समानता आउँछ, अँध्यारो हट्छ, झलमल्ल उज्यालो हुन्छ भन्ने नेताहरूको आश्वासनमा विश्वास गरेर ०४६ सालमा बहुदल ल्याइयो । केही प्राप्त भएन । बोल्ने हक पाइयो, खुब बोलियो, कतै सुनवाई भएन । काग कराउँदैछ, पिना सुक्दैछ भन्ने उखान चरितार्थ भयो ।

जनयुद्धकारी र प्रजातन्त्रवादीले हातमा हात मिलाए, काँधमा काँध मिलाएर भने समस्याको जड राजतन्त्र हो । राजतन्त्र फालेपछि शान्ति, समृद्धि, सुशासन, समानता सबै आउँछ भनेर फेरि गुलछर्रा उडाइयो । २०६५ सालमा राजतन्त्र फालियो, ८ वर्ष लगाएर लोकतान्त्रिक गणतान्त्रिक संविधान जारी गरियो । ०७४ र ०७९ मा दुईपल्ट आवधिक चुनाव भयो । दुबै चुनावले न शान्ति दियो, न समृद्धि ल्यायो, सुशासनको नाममा भ्रष्टाचार बढ्यो, समानताको नाममा बिभेद, निषेध र प्रतिषोध साधियो । जसले संविधान लेखे, संविधान जारी गरे, संविधानअनुसार धर्मनिरपेक्षता, संघीयता लागू गरे, तिनैले संविधान असफल पारिदिए ।

परिणाम, २०८२ भदौ २३ र २४ गते जेनजी पुस्ताले बिद्रोह गर्नुपर्‍यो । जेनजी जब सडकमा निस्किए लोकतान्त्रिक गणतन्त्रको सरकारले नरसंहार मच्चायो, बालबालिकाको रगत पियो । अझै अस्पतालहरूमा २९ जनाको शव छ, ती सव कसको हो, कहाँका लालाबाला हुन् ती पत्ता लगाउन सकिएको छैन । ७६ भन्दा बढीको ज्यान र सयौंको अंगभंगपछि असफल संविधान ढल्यो, असफल नेताहरु भागेर लुक्न बाध्य भए । जेनजी विद्रोहको कारणले बनेको अन्तरिम सरकारले फागुन २१ को चुनाव गरायो, चुनावमा जनताले मौन, मतपत्र बिद्रोह गरे, पुराना नेता र दलहरु सफाचट भए । जेनजी पुस्ताका एक से एक युवाहरूले चुनाव जितेर बालेन नेतृत्वमा सरकार बनाएका छन् ।

बालेन साहले नेपोटिजममा शिर झुकाएका मन्त्री दीपक साहलाई १३ दिनमा हटाइदिए । गृहमन्त्री सुधन गुरूङमाथि सम्पत्ति लुकाएको र भ्रष्टहरूसँग जोडिएको आरोपमा प्रतिपक्षीले प्रश्न उठाएपछि २६ दिनमै हटाइदिएका छन् । मेयर हुँदा वा प्रधानमन्त्रीमा पुग्दा बालेन साह कुनै पनि भ्रष्टाचारको मुद्दामा मुछिएका छैनन् । कम बोल्ने वा बोल्दै नबोली काममात्र गर्ने कारणले नै बालेन साह विश्वका प्रभावशाली नेताहरूको सूचीमा दर्ज भएका छन् । अब महिनाको एक दिन एक घण्टा प्रधानमन्त्रीसँग सांसदले प्रश्न सोध्न सक्ने र संसदमा प्रम बालेन साहले जवाफ दिनुपर्ने नीति तय गरिएको छ । अब भने महिनाको एकदिन प्रम बालेन साह बोलेको सुन्न पाइने भएको छ ।

बालेनभित्र सन्तोष छ कि असन्तोष अनुमान गर्न कठिन छ । इतिहास भन्छ- के थिएन, बेलायतकी राजकुमारी डायनाको जीवन दुःखमै बित्यो । बैज्ञानिक आइन्स्टाइन यहुदी भएकै कारण लखेटिनुपर्‍यो । नेपालका राजा महेन्द्रले षडयन्त्रपूर्वक मारिनुपर्‍यो । २०५८ सालमा देशभक्त भएकै कारण राजा वीरेन्द्रको बंश विनाश भयो । बालेन साह देशको अनुहार फेर्छु, जनतालाई समानताको सुख दिन्छु भनेर सत्तामा पुगेका छन् । निर्वाचनमा रवि र बालेनको अंकमालको आँधीले न कांग्रेस कांग्रेसको हैसियतमा रह्यो, न एमाले वा नेकपाले हैसियत बचाउन सके । बालेन र रविको अंकमालका सामु होचा पुड्का समूहजस्ता देखिन पुगे ३७ वर्षदेखि राज गरेका नेता, पार्टीहरु ।

राजनीतिक हावा विपरित दिशामा बहेको छ, प्रतिकूल परिवेशलाई अनुकूल बनाएर जमिन टेक्न, अडिन र उभिन सक्नु राजनीतिको सफलता हो । तर कांग्रेसभित्र नेतृत्वको झगडा सुल्झिएको छैन । एमालेका अध्यक्ष केपी ओलीलाई पार्टीबाट पन्छाउने झगडा सुरू भएको छ । नेकपाका अध्यक्ष प्रचण्डले नेतृत्वप्रति आलोचना गर्नेहरूलाई पार्टी छोडेर गए हुन्छ भन्ने फर्मान जारी गरिसके । राप्रपा, मधेसी दलहरु मरीच चाउरिएझैं निभ्न लागेको दियो जस्तो बनेका छन् ।

समस्या विश्वभरि नै छ । विश्वयुद्ध हुन्छ कि भन्ने तनावमा छ विश्वसमुदाय । नेपाल त गरीब छ, साधनस्रोतको अभाव छ, जुन पद्धति चलेको थियो, चलाउनेहरु विदेशपरस्त भइदिनाले अस्तित्वको संकटमा गुज्रनु परेको छ । यही स्वराज बचाउन, अस्तित्व टिकाउन र वीरभूमिको गौरवगाथा टिकाउन राजनीतिक परिवर्तन भएको छ । मान्छे विवेकशील हुनाले नै बाँदर होइन । मान्छेले सभ्यता बनायो, हुनसम्मको आविष्कार भएका छन् । तथापि कतिपय मान्छे जो निर्णायक छन्, संचेतन छन्, विचारक छन्, तिनीहरूले विवेक गुमाउनाले नेपाल प्रकृति, धर्मसंष्कृति, परम्पराको धनी भए पनि राजनीति अपराधशाला बनाइँदा नेपाल र नेपाली दुर्गतिको दलदलमा भासिन पुगेका छन् ।

मान्छे विवेकशील प्राणी भए पनि उसमा सत्ता, शक्तिले मताउँदा घमण्ड बढ्छ । घमण्ड भनेको सुन्निएर मोटाउनुजस्तै हो । घमण्डले कुनै न कुनै मोडमा नोज डाइभ गराउँछ । यो स्थिति भनेको मान्छे जतिसुकै शक्तिशाली भए पनि दरिद्रपन हो । घमण्डले औंसीको रात चिरेर उज्यालो दिन सक्दैन । प्रकृति हो, विहान त हुन्छ, तर घमण्डी घमण्डकै अँध्यारोमा हराउँछ । समयमै जो सजग छ, ऊ अमर हुन्छ, जो घमण्डमा छ, ऊ कलंकित हुन्छ । पानी पोखिनु र घमण्डीको शेखी पोखिनु उस्तै हो, उठाउन सकिदैन । खोटा सिक्का बन्नेहरु नेपाली राजनीतिमा उदाउँदै अस्ताउँदै गए । खोटा सिक्काहरु बदनाम पात्र हुन्, घृणित भएर बाँच्छन्, मर्छन र घृणित भइरहन्छन् ।

राजनीति त घामजस्तो हुनुपर्छ । प्रकृति विभेदकारी छैन । सबैका लागि समान । राजनीति धमिलिदा समाज, देश धमिलिने हो । नेपालले भोगेको धमिलोपन र नेपालीको मनको अमिलोपन धमिलो राजनीतिको दोष हो । सूर्य पूर्वबाटै उदाउँछ, राजनीति गर्नेले पूर्वको कुरा गर्छन्, स्वार्थमा लुटपुटिन्छन् । राजनीतिको अपराधिकरणकै कारण धेरै नेता सखाप भएका छन्, कैयौं देश समाप्त भएका छन् ।

नेपालको राजनीतिक इतिहास खुकुरीको इतिहास हो । खुकुरीले निर्माण पछि सत्ता राजनीतिका अनेक उतारचढाव छन्, रक्तपातका कथाहरु छन् । २००७ सालको राणा शासनको अन्त, २०१७ सालको घटना, ०३६ सालको जनमत संग्रहपछि २०४६ सालमा बहुदलको पुनर्स्थापनापछि वास्तवमा प्रजातान्त्रिक नेपालको नयाँ श्रृङ्खला सुरू भएको हो । यसमा पनि १० वर्षे जनयुद्धले १७ हजारको ज्यानको खली खायो । अन्ततः २०६३ साल आयो, राजतन्त्र फालियो र लोकतान्त्रिक गणतन्त्र सुरू भयो । यति ठूलो परिवर्तनले पनि प्रजातान्त्रिक संस्कार र संस्कृति, संसदीय सभ्यता स्थापित गर्न सकेन । रक्तपात भइरह्यो र गतवर्षको भदौ २३ र २४ गते लोकतान्त्रिक गणतन्त्र आवरणको घमण्डी स्वार्थी, अपराधिक र भ्रष्ट सत्ताले ७६ बढी जेनजी पुस्ताको ज्यान लियो । यसपछि फैलिएको जनआक्रोशले फेरि परिवर्तन ल्यायो । यही परिवर्तनको नाम हो- रास्वपाको लहर र बालेन नेतृत्वको सरकार ।

जनताको आशा र अपेक्षा छ- शान्ति, समृद्धि, सुशासन, समानता । अब रक्तपातपूर्ण सत्ताको प्रतिस्पर्धाको अन्त्य हुनुपर्छ, संसदीय सभ्यताको अँध्यारो हट्नुपर्छ । युवा पुस्ताले नगरे कसले गर्ने ? बुढापुरानाले सकेनन्, गरेनन् भनेर जनताले जेनजी पुस्ता रोजेका हुन्, परिवर्तनको उज्यालो नयाँ पुस्ताले पनि दिन सकेनन् भने कसले दिन्छ ?

झिकिदे गाँड भन्दा थपिदे गाँड नबनोस् यो परिवर्तन । जेनजी पुस्ताका सबैलाई हेक्का रहोस् ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ।

\- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# थुन्ने अनि सुन्ने प्रवृत्तिको अन्त्य हुनैपर्दछ

*सरकारले अपवादका लागि पाएको सुविधालाई दुरुपयोग गर्दै जब नियमित बनाइन्छ त्यसले कति सम्म खराब स्थिति निम्त्याउन सक्छ भन्ने उदाहरण अहिले जरुरी पक्राउ पुर्जी बनेको छ। कुनैपनि व्यक्तिलाई पक्राउ गर्नु पर्दा अदालतबाट आरोपीलाई पक्राउ गर्नु भन्दा अघि अनुमति लिएको हुनुपर्दछ। तर पछिल्लो समयमा अदालतबाट अनुमति नै नलिई पहिला जरुरी पक्राउ पुर्जी थमाएर मानिसलाई पक्राउ गर्ने अनि पछि अदालतबाट अनुमति लिने गरेका हुनाले जरुरी पक्राउ पुर्जीको दुरुपयोग बढ्दै गएको छ। जरुरी पक्राउ पुर्जी भनेको अपराधमा संलग्न भएको व्यक्ति भाग्न सक्ने र प्रमाण नष्ट गर्न सक्ने अवस्था देखिएमा मात्र जरुरी पक्राउ पुर्जी जारी गरेर त्यस्ता व्यक्तिलाई पक्राउ गर्नुपर्नेमा पटक पटक प्रधानमन्त्री भैसकेका र पटक पटक मन्त्री भैसकेका व्यक्तिहरू पदबाट हटेपछि नत उनीहरू भाग्न सक्ने अवस्था रहन्छ नत प्रमाण नै नष्ट गर्ने, सत्तामा नरहेपछि उनीहरूबाट प्रमाण नष्ट हुन सक्ने अवस्था नै रहँदैन। तर उनीहरूलाई जरुरी पक्राउ पुर्जी दिएर पक्राउ गर्ने गरिएको हुनाले त्यो कार्यले गर्दा जरुरी पक्राउ पुर्जीको दुरुपयोग हुँदै आएको छ।*

*प्रहरीले सामान्य अवस्थामा नै जररुरी पक्राउ पुर्जी जारी गरेर मानिसलाई पक्राउ गर्ने कार्य नियमित जस्तै भएको छ  सरकारमा बसेका राजनीतिक दल र तिनका नेताहरूलाई खुसी पार्नैका लागि पनि मानिसलाई जरुरी पक्राउ पुर्जी दिएर पक्राउ गर्ने गरिएको हुनाले सर्वसाधारणमा त्यसको नकारात्मक असर परेको छ। केही दिन अगाडि एक दैनिकले गरेको मत सर्वेक्षणमा काठमाडौं, ललितपुर र भक्तपुरका सरकारी कार्यालयमा दर्ता भएका ४९० मुद्दा मध्येका ७७९ अभियुक्तको पक्राउ प्रक्रियाको विश्लेषण गर्दा ८० प्रतिशतलाई अदालतको आदेश बेगरै पक्राउ गरेको सार्वजनिक भएको थियो। अर्थात काठमाडौं उपत्यकामा प्रत्येक ५ मध्येका ४ लाई अदालतको अनुमति बेगरै पक्राउगरी थुनामा राखिने गरेको सार्वजनिक भएको थियो। राजधानी जस्तो ठाउमै त्यस्तो डरलाग्दो अवस्था रहेको देखिन्छ भने उपत्यका बाहिरका जिल्लामा यो भन्दा डरलाग्दो अवस्था देखिन्छ। त्यही कारणले गर्दा अब यो विषयमा निश्चित थिति बनाउनुपर्ने आवश्यकता प्रष्ट रुपमै देखिएको छ। प्रहरीले कसैमाथि जाहेरी परेकै भरमा जरुरी पक्राउ पुर्जी थमाएर पक्राउ गर्ने अहिलेको अवस्थालाई परिमार्जन गर्दै जाहेरी परेका व्यक्तिको बारेमा पहिला अनुसन्धान गरी प्रमाण जुटाएर मात्र पक्राउ गर्न आवश्यक छ।*

*मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ९(६) ले प्रहरीलाई जरुरी पक्राउ पुर्जी जारी गर्ने अधिकार दिएको छ। त्यो अधिकार भनेको अपवादको अवस्थाको हो। मुलत अदालतबाटै पक्राउको अनुमति लिनुपर्दछ। यसो गरिनुको एउटै उदेश्य हो आफ्ना नागरिकलाई राज्यले जथाभावी गिरफ्तार हुनबाट जोगाउनु। यस्तो कानुन निर्माण गर्नुको विगत पनि रहेको छ। २०७५ भाद्र १ गते भन्दा पहिला प्रहरीले आरोपिलाई सिधैं पक्राउ गर्थ्यो र २४ घण्टा पछि अनुसन्धानका लागि म्याद थप गर्न अदालत लैजाने गरेको थियो। त्यसो गर्दा ठुलो संख्यामा पक्राउ गर्नै नपर्ने अवस्थाका व्यक्तिहरू पक्राउ परेको भन्दै मावन अधिकार हननको दृष्टिबाट प्रहरीको सो कदमको आलोचना हुने गरेको थियो। त्यसलाई रोक्न उक्त मितिबाटै लागु गरिएको कार्यविधि संहितामा पक्राउ गर्नुभन्दा पहिला अनिवार्य रुपमा अदालतबाट अनुमति लिनपर्ने व्यवस्था गरिएको हो। तर आरोपित भाग्न सक्ने वा प्रमाण नष्ट गर्न सक्ने भएकाले जरुरी पक्राउ पुर्जीको व्यवस्था खुल्लै राखिएको हो। तर प्रहरीले झण्डै ७० प्रतिशत भन्दा बढीलाई अदालतको आदेश विनै पक्राउ गरेको देखिन्छ भने पक्राउ गरिसकेपछि मात्र उनीहरूलाई अदालतसामू पेश गर्ने गरेको छ। प्रहरीले थुनामा राख्नुपर्ने आदेश माग्दा अदालतले केही नबोली सरासर म्याद थपिदिने गरेका हुनाले प्रहरीको मनोबल बढेको र उनीहरूले पक्राउ नै गर्नु नपर्ने व्यक्तिलाई पनि पक्राउ गरेर अदालतसामु लाने गरेकाले अब अदालतले समेत किन र कुन अपराधमा संलगन भएको हो सो को प्रमाण अदालतमा पेश गर भनेर प्रहरीलाई आदेश दिएको खण्डमा मात्र जरुरी पक्राउ पुर्जी जारी गरेर पक्राउ गर्ने प्रहरीको कदममा केही नियन्त्रण हुन सक्छ।*

*प्रहरीले यही प्रक्रिया प्रयोग गरेर गत चैत्र १४ गते शनिबार विहानै पूर्व प्रधानमन्त्री एवं एमालेका अध्यक्ष केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पनि झक्तपुरस्थित उनीहरूको निवासबाटै जरुरी पक्राउ पुर्जी दिएर पक्राउ गऱ्यो। तर, सर्बोच्च अदालतले उनीहरूलाई थुना बाहिर राखेर अनुसन्धान जारी राख्न चैत्र २६ गते दुवैलाई रिहा गर्न आदेश दिएपछि उनीहरू रिहा भए। विगतमा उनीहरू सत्तामा रहँदा यस विषयमा प्रहरीलाई सचेत नगराउने र त्यस्तो कार्य गर्नु नहुने तर्फ उनीहरूको ध्यान नगएको हुनाले उनीहरूलाई नै प्रहरीले जारी गर्ने जरुरी पक्राउ पुर्जीको प्रतिफल उनीहरू स्वयमले भोग्नु परेको निश्चित छ। यो सन्दर्भ अहिलेको बालेन सरकारले समाधान गरी पहिला पक्राउ गर्ने अनि पछि सुन्ने प्रहरीको कार्यमा सुधार ल्याउनुपर्ने आवश्यकता देखिन्छ। सत्ता बाहिर रहेका व्यक्तिहरूले प्रमाण नष्ट गर्न सक्ने अवस्था नरहेको अवस्थामा प्रमाण नष्ट गर्न सक्ने भन्दै त्यस्तो अनुमानका आधारमा नागरिकलाई जरुरी पक्राउ पुर्जी दिएर पक्राउ गर्ने प्रहरीको कार्यलाई तत्काल बन्द गरि जरुरी पक्राउ पुर्जीको दुरुपयोगलाई रोक्न र नागरिकलाई पक्राउ गरेपछि अनुसन्धान गर्ने प्रक्रियालाई बन्द गरी पहिला अनुसन्धान गर्ने र पछि पक्राउ गर्ने कार्यलाई सरकार र प्रहरीले पहिला थुन्ने अनि सुन्ने अहिलेको व्यवहारलाई तत्काल सच्चाउन हामी जोडदार माग गर्दछौं।*

# सरकारका राष्ट्रिय प्रतिबद्धताको शल्यक्रिया

**सुरेश गौतम**

नेपालको राजनीतिक इतिहासमा २१ फागुनमा सम्पन्न निर्वाचन र त्यसपछिको सत्ता समीकरणलाई पुस्तान्तरणको एउटा असाधारण मोडका रूपमा हेरिएको छ । विशेषगरी, गत २३ र २४ भदौमा जेन-जी आन्दोलनको राप र तापबाट स्थापित भ्रष्टाचार नियन्त्रण र सुशासनका एजेन्डालाई संस्थागत गर्न वर्तमान सरकार गठन भएको हो । यही सरकारले जारी गरेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको बुँदा नं. ३ अन्तर्गत राष्ट्रिय प्रतिबद्धता सार्वजनिक गरिएको छ, जसले आगामी दिनको शासकीय मार्गचित्र कोर्ने दाबी गर्छ । यद्यपि, यो दस्ताबेज निर्माण प्रक्रिया र यसले बोकेको राजनीतिक दर्शनमाथि गम्भीर प्रश्न खडा भएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता बालेन्द्र शाहको नेतृत्वमा गठित सरकारले झन्डै दुईतिहाइको अभूतपूर्व जनमत प्राप्त गरेको छ । संसदीय लोकतन्त्रको सर्वमान्य सिद्धान्तअनुसार स्पष्ट बहुमत प्राप्त दलले आफ्नै वाचापत्र र घोषणापत्रका आधारमा शासन सञ्चालन गर्नुपर्ने हो । तर, प्रधानमन्त्री शाहले आफ्नो दलको एकल वाचापत्रलाई कार्यान्वयनको मूल आधार बनाउनुको साटो संसद्मा रहेका ६ वटा राष्ट्रिय दलका साझा एजेन्डालाई समेटेर यो दस्तावेज तयार पारेका छन् । यो कदमले राजनीतिक वृत्तमा नयाँ बहस सिर्जना गरेको छ ।

यसलाई गहिराइबाट विश्लेषण गर्दा जस-अपजसको राजनीति र दायित्वबोधको प्रश्न प्रमुख भएर आउँछ । जनताले रास्वपाको वाचापत्रलाई पूर्ण विश्वास गरेर दुईतिहाइको म्यान्डेट दिएका हुन् । यस्तो अवस्थामा अन्य दलका एजेन्डालाई राष्ट्रिय प्रतिबद्धतामा मिसाउनुले प्रधानमन्त्री शाह कतै रास्वपाको नीति र दर्शनबाहिर जान खोजेका त होइनन् भन्ने संशय पैदा गरेको छ । सबै दलका एजेन्डा समेट्नुलाई साझा स्वामित्व भनिए पनि यसले भोलि सरकार डेलिभरीमा असफल हुँदा त्यसको दोष अन्य दलको थाप्लामा हालेर जस-अपजसको भागीदारीबाट उम्किने 'सेफ एक्जिट' खोजिएको त होइन ? भन्ने प्रश्न उठ्नु स्वाभाविक देखिन्छ । प्रधानमन्त्री शाहले अंगीकार गर्न खोजेको यो बहुदलीय सहमतिको मोडेलले रास्वपालाई एउटा वैकल्पिक शक्तिको सट्टा परम्परागत समन्वयकारी शक्तिका रूपमा मात्र चित्रण गर्ने जोखिम बढाएको छ । जब जनताले एउटा निश्चित विचार र दललाई स्पष्ट बहुमत दिन्छन्, तब उक्त दलले आफ्नो दर्शनमा कुनै सम्झौता नगरी दृढतापूर्वक आफ्ना कार्यक्रम अगाडि बढाउनु नै जनमतको वास्तविक कदर हो ।

आर्थिक समृद्धिको खाका र वित्तीय चुनौती : वर्तमान सरकारले प्रस्तुत गरेको आर्थिक समृद्धिको खाका निकै महत्वाकांक्षी र आशावादी देखिन्छ । यसले आगामी पाँच वर्षभित्र नेपालको औसत आर्थिक वृद्धिदर सात प्रतिशत हासिल गर्ने र प्रतिव्यक्ति आयलाई हालको करिब एक हजार ४९६ डलरबाट वृद्धि गरी तीन हजार डलर पुऱ्याउने लक्ष्य राखेको छ । यसलाई पछ्याउँदै कुल गार्हस्थ्य उत्पादनको आकारलाई १०० अर्ब डलरनजिक पुऱ्याउने संकल्प गरिएको छ । सरकारले यस आर्थिक यात्रामा निजी क्षेत्रलाई प्रमुख संवाहक र सरकारलाई केवल नियामकको भूमिकामा सीमित गर्ने नीति अघि सारेको छ । तर, यस महत्वाकांक्षी लक्ष्यलाई पछिल्लो आर्थिक परिदृश्यसँग तुलना गर्दा केही गम्भीर चुनौती सतहमा आउँछन् । नेपालको पछिल्लो एक दशकको औसत आर्थिक वृद्धिदर करिब चार देखि पाँच प्रतिशतवरिपरि रहेको छ । सात प्रतिशतको निरन्तर वृद्धि हासिल गर्न कुल गार्हस्थ्य उत्पादनको करिब ३० देखि ३५ प्रतिशत लगानी आवश्यक पर्छ । हाल नेपालको पुँजीगत खर्च गर्ने क्षमता विनियोजित बजेटको ६०-७० प्रतिशतभन्दा माथि जान सकेको छैन । यस्तो अवस्थामा लगानीको सुनिश्चितता नगरी वृद्धिदरको रटान लगाउनु फगत चुनावी नाराजस्तै देखिन्छ । पाँच वर्षमा प्रतिव्यक्ति आय दोब्बरभन्दा बढी पुऱ्याउन वार्षिक ११ प्रतिशतभन्दा माथिको न्यूनतम वृद्धि चाहिन्छ । विश्वव्यापी बजारमा हुने पेट्रोलियम पदार्थको मूल्यवृद्धि र डलरको विनिमय दरमा आउने उतारचढावले यो लक्ष्यलाई थप कठिन बनाउँछ ।

१० वर्षसम्म करको दर स्थिर राख्ने प्रतिबद्धता सुन्दा लगानीमैत्री सुनिए पनि यो नेपालको वर्तमान राजस्व संरचनासँग मेल खाँदैन । नेपालको चालू खर्च राजस्वले मात्र धान्न धौधौ परिरहेको अवस्था र सार्वजनिक ऋणको भार जिडिपीको ४२ प्रतिशत नाघिसकेको परिवेशमा करका दर स्थिर राखेर बढ्दो दायित्व कसरी व्यवस्थापन गर्ने भन्ने ठोस आधार दस्ताबेजमा छैन । दस्ताबेजमा सात प्रतिशतको वृद्धिका लागि आवश्यक पर्ने वैदेशिक लगानीको भरपर्दो स्रोत र स्वदेशी उत्पादन वृद्धि गर्ने ठोस कार्ययोजनाको अभाव छ । निजी क्षेत्रलाई नेतृत्व सुम्पिने कुरा गरिरहँदा नेपालको उद्योग क्षेत्रको जिडिपीमा योगदान पाँच प्रतिशतभन्दा तल झरेको यथार्थलाई बेवास्ता गरिएको छ । तथ्यांकको जादु देखाएर जनतालाई सपना बाँड्नु एउटा पक्ष हो भने विद्यमान संरचनात्मक अवरोधहरु, जस्तै- कमजोर कर्मचारीतन्त्र, भ्रष्टाचार र लगानीको असुरक्षालाई चिरेर परिणाममुखी काम गर्नु अर्को पाटो हो । दस्ताबेजमा उल्लिखित आर्थिक लक्ष्य हासिल गर्न केवल प्रतिबद्धता मात्र पर्याप्त छैन, यसका लागि आफ्नो वाचापत्रअनुसारको कठोर र साहसिक आर्थिक सुधारको बाटो समात्नु आवश्यक देखिन्छ ।

पूर्वाधार विकास र आयोजना व्यवस्थापन : पूर्वाधार विकासलाई आर्थिक समृद्धिको मेरुदण्ड मान्दै केही साहसिक कदमको घोषणा गरिएको छ । विशेषगरी, आयोजना कार्यान्वयनमा रहेको अन्तरनिकाय समन्वयको अभावलाई चिर्न एकीकृत मल्टिमोडल ट्रान्सपोर्ट सिस्टम र पहुँचका भरमा बजेट विनियोजन गर्ने प्रवृत्तिको अन्त्यजस्ता विषयले सुशासनको नयाँ संकेत दिएका छन् । आयोजना सम्पन्न नभएसम्म आयोजना प्रमुख र कर्मचारीको सरूवा नगर्ने व्यवस्था मिलाउने प्रतिबद्धता जनाइनु नेपालको विकास प्रशासनको सबैभन्दा ठुलो रोग अल्पकालीन कर्मचारीतन्त्रमाथिको कडा प्रहार हो । तथ्यांकले के देखाउँछ भने नेपालका राष्ट्रिय गौरवका आयोजनामा एक वर्षमा औसत दुईदेखि तीनपटकसम्म आयोजना प्रमुख फेरिने गरेका छन्, जसले गर्दा मेलम्चीजस्ता आयोजना पूरा हुन तीन दशक कुर्नुपऱ्यो । महेन्द्र राजमार्गलाई तीन वर्षभित्र अन्तर्राष्ट्रिय मापदण्डमा स्तरोन्नति गर्ने र भारतसँग जलमार्ग तथा चीनसँग पारवहन सम्झौतामार्फत बन्दरगाह उपयोग गर्ने लक्ष्य राखिएको छ । तर, नारायणगढ-बुटवलजस्ता सडक खण्डको वर्तमान सुस्त गति हेर्दा तीन वर्षमा अन्तर्राष्ट्रिय मापदण्डमा स्तरोन्नति गर्ने कुरा निकै महत्वाकांक्षी देखिन्छ । जलवायु अनुकूलनको कुरा गर्दा अझै पनि नेपालको हालको इन्जिनियरिङ पद्धति डोजरे विकासमै आधारित छ ।

शिक्षा र स्वास्थ्यमा आमूल सुधारको परिकल्पना : शिक्षा क्षेत्रमा मेरिटोक्रेसी (योग्यता प्रणाली) लाई मुख्य आधार बनाइएको छ । विश्वविद्यालयदेखि विद्यालयसम्मलाई दलीय राजनीतिबाट पूर्णतः मुक्त गर्ने र शिक्षकको कुनै पनि राजनीतिक दलसँगको आबद्धता निषेध गर्ने बुँदा सबैभन्दा साहसिक र चर्चाको विषय बनेको छ । नेपालका सार्वजनिक विद्यालयमा कार्यरत करिब ८० प्रतिशत शिक्षक कुनै न कुनै राजनीतिक दलका भ्रातृ संगठनमा आबद्ध छन् । यो प्रतिबद्धता कार्यान्वयन भएमा शिक्षाको गुणस्तरमा २० देखि ३० प्रतिशतले सुधार आउने अपेक्षा गर्न सकिन्छ । तर, दशकौँदेखि जरा गाडेर बसेको शिक्षक युनियनको राजनीतिक शक्तिलाई कसरी व्यवस्थापन गर्ने भन्ने ठोस मार्गचित्रको अभाव छ ।

स्वास्थ्य क्षेत्रमा म स्वस्थ, मेरो परिवार स्वस्थ अभियानमार्फत रोकथाममुखी स्वास्थ्य प्रणालीमा जोड दिइएको छ । प्रत्येक नागरिकको डिजिटल स्वास्थ्य प्रोफाइल तयार गर्ने र सन् २०८८ सम्ममा स्वास्थ्य क्षेत्रको बजेटलाई कुल बजेटको आठ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । नेपालको स्वास्थ्य बजेट हाल ४.८ प्रतिशत मात्र छ । स्वास्थ्य सेवामा नागरिकको आफ्नै खल्तीबाट हुने खर्च अझै पनि ४७ प्रतिशतभन्दा माथि छ । हाल स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध भएका ५० प्रतिशतभन्दा बढी नागरिकले नवीकरण नगरेको तथ्यांकले सेवाको गुणस्तरमा कमी र दाबी भुक्तानीको संकटलाई दर्साउँछ ।

पर्यटन र ऊर्जा : अन्तर्राष्ट्रिय र भूराजनीतिक आयाम : सन् २०२७ लाई राष्ट्रिय आरोग्य वर्ष मनाउने र पर्यटकको खर्च प्रतिव्यक्ति प्रतिदिन १०० डलर पुऱ्याउने लक्ष्य राखिएको छ । भैरहवा र पोखरा विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्ने प्रतिबद्धता जनाइएको छ । यद्यपि, नेपालको उड्डयन क्षेत्र अझै पनि युरोपेली संघको 'ब्ल्याक लिस्ट'मा छ । ६० अर्बभन्दा बढीको लगानीले प्रतिफल दिन नसकिरहेको अवस्थामा कूटनीतिक पहलविना यी विमानस्थल चल्नु कठिन छ । पर्यटनको नयाँ कुरा गरिए पनि यसका लागि आवश्यक पर्ने उच्चस्तरीय पूर्वाधार र वेलनेस सेन्टरहरूको स्पष्ट खाका छैन ।

ऊर्जाको हकमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ । यसका लागि करिब ४० देखि ५० अर्ब डलर लगानी आवश्यक पर्छ । यति ठुलो लगानीका लागि वैदेशिक पुँजीको सुनिश्चितता र नेपालको वन तथा वातावरण कानुनको अवरोध हटाउने ठोस कार्ययोजना छैन । अन्तरदेशीय प्रसारण लाइन निर्माणमा हुने भूराजनीतिक खिचातानीले यसलाई थप जटिल बनाउनेछ ।

सुशासन, रोजगारी र परराष्ट्र नीति : ०४६ पछिका सार्वजनिक पदधारीको सम्पत्ति छानबिन गर्ने र सरकारी सेवामा टाइम कार्ड लागू गर्ने कुराले नयाँ आशा जगाएको छ । तर, सम्पत्ति छानबिन प्रक्रिया कतै विपक्षीलाई तर्साउने राजनीतिक प्रतिशोधको हतियार त बन्दैन ? भन्ने संशय कायमै छ । मन्त्रालयको संख्या घटाएर १७ मा झार्ने र कर्मचारीतन्त्रमा हुने दलीय ट्रेड युनियन खारेज गर्ने प्रतिबद्धता सुधारका लागि कोसेढुंगा मानिएको छ ।

पाँच वर्षमा १५ लाख रोजगारी सिर्जना गर्ने र विदेशमा रहेका करिब ५० लाख नेपालीको सीपलाई ब्रेन गेनका रूपमा प्रयोग गर्ने भनिएको छ । डिजिटल रोजगारीलाई कानुनी मान्यता दिने कुरा यसको सकारात्मक पक्ष हो । आइटीलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरी एआईलाई प्राथमिकता दिने लक्ष्य छ । स्वदेशमा औद्योगिक वातावरण नबनाई र न्यूनतम ज्यालाको ग्यारेन्टी नगरी विदेशबाट सीप फर्किएला भन्नु अतिरञ्जना मात्र हुन सक्छ ।

परराष्ट्र नीतिको हकमा 'नेपाली प्रथम' नाराका साथ नेपाललाई दुई छिमेकीबिचको 'भाइब्रेन्ट ब्रिज' (गतिशील पुल) बनाउने परिकल्पना छ । सैन्य गठबन्धनमा सामेल नहुने कुरा स्पष्ट भए पनि भारत र चीनको स्वार्थ टकराइरहने हुनाले समदूरीको साटो समनिकटता कायम राख्न अत्यन्तै जटिल कूटनीति आवश्यक पर्छ, जसको खाका यसमा अपुग छ । सहकारी क्षेत्रमा सर्वसाधारणको करिब सात खर्बभन्दा बढी बचत छ । जसमध्ये करिब एक खर्बभन्दा बढी अपचलन भएको अनुमान छ । बचतकर्ताको पैसा फिर्ता गर्न आवश्यक पर्ने ठोस वित्तीय स्रोतको आधार दस्ताबेजमा छैन । कोष स्थापना गर्ने कुराले मात्र पीडितको तत्कालको समस्या हल हुँदैन ।

बालेन सरकारको यो राष्ट्रिय प्रतिबद्धता आशाको पुल त हो, तर यसको जग पुरानै संरचना र परम्परागत कार्यशैलीमा ठडिएको छ । यदि सरकारले यसलाई केवल एउटा सरकारी दस्तावेजका रूपमा सीमित नराखी जेन-जी आन्दोलनको भावनाअनुसार निर्मम कार्यान्वयनको बाटो रोज्यो भने मात्र नेपालको समृद्धिको सपनाले साकार रूप लिन सक्छ । अन्यथा, यो दस्ताबेज नेपाली राजनीतिको अर्को एउटा सुन्दर तर असान्दर्भिक सपनाको पुलिन्दा मात्र बन्ने खतरा छ । वैकल्पिक शक्तिले पाएको यो ऐतिहासिक अवसर कतै परम्परागत समन्वयको भुमरीमा हराउने त होइन भन्ने चिन्ता नागरिक तहमा व्याप्त छ । *- नयाँ पत्रिका*

# ‘नेपाल प्रथम : नेपाली प्रथम’ को व्याकरण

भोजराज पौडेल

राज्यसँग आधारभूत क्षमता छैन । तर सरकारले राष्ट्रिय प्रतिबद्धता २०८३/८४ मार्फत 'नेपाल प्रथम : नेपाली प्रथम' को नारा अगाडि सारेर पाँच वर्षमा मुलुकको कायापलट गर्ने सपना जनतामा बाँडेको छ । ती सपनाको केही अंश मात्र पूरा हुन सक्यो भने पनि उपलब्धि मान्नुपर्ने हुन्छ । त्यो सपना र आशातित समृद्धिको बाटो कसरी बन्छ ? यस आलेखमा म 'नेपाल प्रथम : नेपाली प्रथम' ले हामीलाई दिने के हो र त्यसले कहाँ पुऱ्याउनेछ भन्नेमा विमर्श गर्नेछु ।

नेपाली राजनीतिमा देखिएको पछिल्लो छलफलबाट उत्साहित हुन सकिने अवस्था छैन । किनभने मुलुकको परिचयमा नै आम रूपमा विवाद सतहमा आएको छ । सरकारले 'बफर स्टेट' बाट 'जीवित पुल' बन्ने जुन एजेन्डा अगाडि सारेको छ, त्यो के हो भन्ने प्रश्न छ । यसले हामीलाई कसरी मद्दत गर्छ भन्ने अर्को प्रश्न पनि छ । नेपालको पुल भन्ने चाहना नयाँ होइन । यो सन् २०१३ देखि नै छलफलमा रहेको विषय हो । तत्कालका लागि विश्व परिवेश, क्षेत्रीय राजनीति एवं हाम्रो आर्थिक र राजनीतिक दुवै हिसाबले लगभग असम्भव छ ।

बृहत् 'नेपाल प्रथम : नेपाली प्रथम' भन्ने नारा सुन्दा स्वतः आकर्षक लाग्छ । राज्यको केन्द्रमा देश र नागरिकको हित राख्ने प्रतिज्ञा गर्छ । तर नाराको लोकप्रियता र नीतिको प्रभावकारिताबीच जहिले पनि ठूलो दूरी हुन्छ । पछिल्ला वर्षहरूमा हामीले धेरै नारा सुनेका छौं । त्यसमध्येको एक त तत्कालीन अवस्थामा संसद्को दुईतिहाइ समर्थनमा केपी शर्मा ओलीको नेतृत्वमा बनेको सरकारले अगाडि सारेको 'समृद्ध नेपाल, सुखी नेपाली' हो । त्यो नाराको के हालत भयो भन्ने नेपाली समाजको स्मृतिमा ताजा छ । नागरिकको दैनिकीमा प्रायः हुने सेवा ढिलाइ, रोजगारी अभाव, महँगी, नियमनको अस्थिरता र राजनीतिक भागबन्डाको निरन्तरतामा कुनै फेरबदल आएन । यसै पृष्ठभूमिमा सरकारले 'राष्ट्रिय प्रतिबद्धता २०८३/८४' मार्फत अघि सारेको 'नेपाल प्रथम : नेपाली प्रथम' लाई परिणामसँग बाँध्ने दाबी गरे पनि, यसभित्र केही आधारभूत प्रश्न र जोखिमहरु स्पष्ट देखिन्छन् ।

सरकारले 'बफर स्टेट' बाट 'जीवित पुल' बन्ने जुन एजेन्डा अगाडि सारेको छ, त्यो के हो भन्ने प्रश्न छ । यसले हामीलाई कसरी मद्दत गर्छ भन्ने अर्को प्रश्न पनि छ । नेपालको पुल भन्ने चाहना नयाँ होइन । यो सन् २०१३ देखि नै छलफलमा रहेको विषय हो । सबैभन्दा पहिलो समस्या लक्ष्यहरूको अत्यधिक महत्वाकांक्षामा देखिन्छ । पाँच वर्षमै औसत सात प्रतिशत आर्थिक वृद्धि, प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलर, कुल अर्थतन्त्र एक खर्ब अमेरिकी डलर नजिक, पन्ध्र लाख रोजगारी, बहुआयामिक गरिबी दस प्रतिशतमा झार्ने जस्ता लक्ष्यलाई सम्भव बनाउने आधारभूत क्षमता नै राज्यसँग छैन । प्रशासनिक क्षमता, लगानीको मात्रा, परियोजना कार्यान्वयन गति, निर्यात क्षमताको विस्तार र सार्वजनिक वित्तको वास्तविक अवस्था सुधार गर्ने कार्ययोजना के हो र कहाँ छ ? लक्ष्य राख्नु गलत होइन, तर लक्ष्य र साधनबीच असन्तुलन भयो भने 'नेपाल प्रथम' होइन, 'नारा प्रथम' को अवस्था बन्छ । अझ ठूलो जोखिम के भने यस्ता ठूलो लक्ष्य पूरा गर्ने दबाबमा सरकार अल्पकालीन लोकप्रियता खोज्ने, तथ्यांक सजाउने वा तोडमोड गर्ने र दीर्घकालीन संस्थागत सुधारभन्दा तात्कालिक प्रदर्शनमुखी काममा अल्झिने सम्भावना बढ्छ ।

कर स्थिरताको अवधारणा सुन्दा लगानीमैत्री छ । तर यसमा निहित जोखिमहरूलाई नजरअन्दाज गर्न मिल्दैन । दस वर्षसम्म करका दर र सर्तहरु स्थिर राख्ने प्रतिज्ञाले लगानीकर्तालाई निश्चितता दिन सक्छ, तर राज्यको राजस्व आवश्यकतामा आकस्मिक परिवर्तन, आपत्कालीन खर्च, प्राकृतिक विपद्, अन्तर्राष्ट्रिय आर्थिक धक्का वा संरचनागत सुधारका लागि आवश्यक राजस्व व्यवस्थापनमा यसले लचकता घटाउन सक्छ । कर स्थिरता भनेको कर प्रशासनको निष्पक्षता र कर आधारको विस्तारसँग जोडिएन भने उल्टै 'ठूला पहुँचवालालाई सुविधा, साना करदातालाई बोझ' हुने जोखिम हुन्छ । नेपाली अर्थतन्त्रमा ठूलो भाग अझै अनौपचारिक छ । त्यसलाई औपचारिक बनाउने काम सजिलो छैन । कागजरहित प्रक्रिया र एकीकृत सेवा भन्दैमा एकैचोटि सबै समस्या हल हुँदैन । किनकि अनौपचारिकताको जरो केवल प्रक्रियामा होइन, विश्वासको कमी, अनुपालन लागत, घुसखोरीको डर र राज्यसँगको सम्बन्धलाई 'झन्झट' ठान्ने सामाजिक अनुभवमा पनि छ ।

अर्थतन्त्रको अर्को संवेदनशील विषय कार्टेल, कृत्रिम अभाव र भाडा खाने प्रवृत्ति अन्त्य गर्ने घोषणा हो । यो सही दिशा हो, तर यस्तो विकृति कागजमा लेखेर हट्दैन । यो राज्यभित्रको संरक्षण, राजनीतिक दलहरूको वित्तीय संरचना, नियामक निकायहरूको कमजोरी र सार्वजनिक खरिदको अपारदर्शितासँग गाँसिएको हुन्छ । यदि राज्यले साँच्चै कार्टेल तोड्न खोज्यो भने त्यसले शक्तिशाली हित समूहको प्रतिरोध सामना गर्नुपर्छ । त्यस्तो प्रतिरोध सामना गर्न सरकारसँग संस्थागत साहस, कानुनी क्षमता र सार्वजनिक भरोसा चाहिन्छ । यदि यही सरकार कमजोर भयो भने 'नेपाल प्रथम' भन्ने नारा बजार सुधारको सट्टा बजारसँग सौदाबाजी गर्ने नयाँ भाषा मात्र बन्न सक्छ ।

पूर्वाधार र ऊर्जासम्बन्धी लक्ष्यहरूमा पनि आलोचनात्मक दृष्टि आवश्यक छ । तीन वर्षभित्र पूर्व-पश्चिम राजमार्ग (यसलाई महेन्द्र राजमार्गका रूपमा पुनःस्थापित गरेर सरकारले पञ्चायतको स्मरण ताजा राख्न चाहेको देखिन्छ) लाई अन्तर्राष्ट्रिय मापदण्डमा उकास्ने, दशकभित्र तीस हजार मेगावाट जडित क्षमता, ठूला जलाशय आयोजना प्राथमिकता, स्वच्छ ऊर्जा निर्यात केन्द्र बन्ने जस्ता लक्ष्यहरु रणनीतिक छन् । तर हामीले के याद गर्नुपर्छ भने नेपालको दीर्घकालीन समस्या परियोजना छनोटभन्दा पनि परियोजना सम्पन्न गर्ने क्षमता हो । ठूला आयोजनामा ढिलाइ, लागत वृद्धि, ठेक्का विवाद, स्थानीय असन्तुष्टि, पुनर्वासको असफलता र वातावरणीय व्यवस्थापनको कमजोरी बारम्बार देखिएको छ । ठूला आयोजना थालेर बीचमै अलपत्र परे भने राष्ट्रको स्रोत डुब्छ र नागरिकको भरोसा झन् कमजोर हुन्छ । ऊर्जा निर्यातको चर्चा गर्दा घरेलु उद्योगलाई सस्तो र स्थिर ऊर्जा आपूर्ति सुनिश्चित गर्ने विषय प्राथमिक रहनुपर्छ, नत्र नागरिकलाई महँगो बिजुली र उद्योगलाई अनिश्चित आपूर्ति, अनि बाहिर निर्यातको गर्व गर्ने खालको परस्परविरोधी अवस्था बन्न सक्छ ।



कृषि सुधारका प्रस्तावहरु पनि भावनात्मक रूपले आकर्षक छन् । तर ती कार्यान्वयनमा जालान् भन्नेमा आशंका र धेरै जटिलता छन् । किसान ऋण कार्ड, बाली बिमा, योगदानमा आधारित पेन्सन, परिचयपत्रमार्फत वास्तविक किसानलाई मात्र अनुदान जस्ता उपायहरु सही हुन् । तर हाम्रो स्थानीय संरचनामा परिचयपत्रको राजनीति अझै बाँकी छ । लाभग्राही छनोटमा पक्षपात र बिमाको दाबी प्रक्रियामा ढिलाइको पुरानो रोग छ । रासायनिक मल कारखानाको अवधारणा सुन्दा आत्मनिर्भरता जस्तो लाग्छ । तर कच्चा पदार्थ, लागत प्रतिस्पर्धा, व्यवस्थापन क्षमता र वातावरणीय मापदण्डको हिसाबले यो घाटाको नयाँ केन्द्र बन्नेछ भन्नेमा कुनै शंका छैन । सिँचाइ विस्तारका लक्ष्यहरु पनि निर्माणभन्दा बढी सञ्चालन र मर्मतको संस्थागत व्यवस्थामा अड्किन्छन् । हामीले धेरै संरचना बनाएर पनि पानी बाँडफाँट र व्यवस्थापनमा विवादका कारण अपेक्षित उत्पादन वृद्धि नपाएको अनुभव छ ।

सूचना प्रविधिलाई रणनीतिक उद्योग बनाउने, स्वदेशी भाषा मोडल विकास गर्ने, आफ्नै उपग्रह, एकीकृत नागरिक अनुप्रयोग, विद्यालय तहदेखि कृत्रिम बुद्धिमत्ता शिक्षा जस्ता प्रस्तावहरु भविष्यतर्फ उन्मुख देखिन्छन्, तर यिनमा पनि 'दृष्टि' र 'सामर्थ्य' बीचको दूरी ठूलो छ । स्वदेशी प्रविधि विकासका लागि अनुसन्धान संस्कृति, विश्वविद्यालयको क्षमता, निजी क्षेत्रसँगको सहकार्य, डेटा शासन, गोपनीयता सुरक्षा, साइबर सुरक्षा र प्रतिभालाई देशमै टिकाउने वातावरण चाहिन्छ । हामीकहाँ प्रायः प्रविधि परियोजना भनेको उपकरण खरिद र अनुप्रयोग बनाउनेमा सीमित हुन्छ । दीर्घकालीन सञ्चालन, सुरक्षा, अद्यावधिक र जनशक्ति व्यवस्थापन कमजोर हुन्छ ।

शासन सुधारतर्फ 'राजनीतीकरण अन्त्य' को लक्ष्य सबैभन्दा ठूलो र सबैभन्दा विवादास्पद पनि हो । कर्मचारीतन्त्र, शिक्षक, प्राध्यापक, सार्वजनिक संस्थामा राजनीतिक आबद्धता प्रतिबन्ध, राजनीतिक ट्रेड युनियन खारेज, मन्त्रालय संख्या घटाउने, समय कार्ड प्रणाली लागू गर्ने, बिचौलिया हटाउने र २०४६ पछि सार्वजनिक पदमा बसेकाको सम्पत्ति छानबिन जस्ता कदमहरु सुन्दा कडा र निर्णायक लाग्न सक्छन् । तर कडाइले मात्र सुधार हुँदैन । सुधारका लागि वैधानिक प्रक्रिया, निष्पक्ष अनुसन्धान, स्वतन्त्र संस्थाको मजबुतीकरण र नागरिक अधिकारको संरक्षण अनिवार्य हुन्छ । सम्पत्ति छानबिन जस्तो कदम यदि पूर्वाग्रह, प्रतिशोध वा चयनात्मक न्यायमा परिणत भयो भने यसले भ्रष्टाचार घटाउनेभन्दा बढी समाजलाई ध्रुवीकृत बनाउँछ र राज्य संयन्त्रलाई डरको वातावरणमा धकेल्छ । राजनीतिक आबद्धता प्रतिबन्धले अभिव्यक्ति स्वतन्त्रता, सामूहिक सौदाबाजी र वैध असन्तुष्टि व्यक्त गर्ने अधिकारलाई कुण्ठित गर्छ । यसलाई कसरी सन्तुलन गर्ने भन्ने प्रश्न महत्वपूर्ण हुन्छ । अधिकार संकुचित गर्ने प्रवृत्ति बढ्यो भने नारा राष्ट्रवादतर्फ होइन, नियन्त्रणतर्फ मोडिन सक्छ ।

कूटनीतिमा 'बफर' बाट 'जीवित पुल' बन्ने अवधारणा आकर्षक छ, तर यसलाई व्यवहारमा उतार्न घरेलु शासन र आर्थिक विश्वसनीयता नै आधार हुन्छ । त्रिपक्षीय आर्थिक साझेदारी, वैदेशिक लगानी, ऊर्जा व्यापार, प्रवासी नेपालीमार्फत पुँजी परिचालन, वार्षिक ठूलो परिमाणको प्रवासी ऋणपत्र लगायतका योजना सफल बनाउन राज्यको प्रतिबद्धता मात्र होइन, वित्तीय अनुशासन, परियोजना छनोटको पारदर्शिता, प्रतिफलको स्पष्टता र राजनीतिक स्थिरता आवश्यक छ । प्रवासी पुँजी ल्याउने कुरा भावनात्मक अपिलले मात्र हुँदैन । उनीहरूले विश्वास गर्नुपर्ने कुरा भनेको पैसा कहाँ खर्च हुन्छ, कसरी फिर्ता हुन्छ र नीति कतिसम्म स्थिर हुन्छ भन्ने हो ।

सूचना प्रविधिलाई रणनीतिक उद्योग बनाउने, स्वदेशी भाषा मोडल विकास गर्ने, आफ्नै उपग्रह, एकीकृत नागरिक अनुप्रयोग, विद्यालय तहदेखि कृत्रिम बुद्धिमत्ता शिक्षा जस्ता प्रस्तावहरु भविष्यतर्फ उन्मुख देखिन्छन्, तर यिनमा पनि 'दृष्टि' र 'सामर्थ्य' बीचको दूरी ठूलो छ । सामाजिक न्याय, शिक्षा, स्वास्थ्य, समावेशिता र विपद् व्यवस्थापनसम्बन्धी उद्देश्यहरु प्रशंसनीय छन् । शिक्षा निःशुल्क र अनिवार्य भनिनु मात्र पर्याप्त छैन । विद्यालयको गुणस्तर, शिक्षक व्यवस्थापन, सिकाइ उपलब्धि र शैक्षिक असमानता घटाउने ठोस कार्यक्रम चाहिन्छ । स्वास्थ्य बजेट बढाउने लक्ष्य महत्वाकांक्षी हो । तर बजेट बढ्दा पनि खरिद प्रणाली, सेवा गुणस्तर, औषधि उपलब्धता र ग्रामीण क्षेत्रमा चिकित्सक टिकाउने संरचना बलियो भएन भने खर्चको प्रभाव कमजोर हुन्छ । डिजिटल स्वास्थ्य परिचय जस्ता अवधारणामा गोपनीयता, डेटा सुरक्षा र पहुँचको प्रश्न आउँछ । समावेशिता परीक्षण र समान ज्याला लगायतका विषयहरु घोषणामा राम्रो देखिए पनि, श्रम बजारको वास्तविक संरचना, अनौपचारिक रोजगारी र संस्थागत संस्कृतिका कारण व्यवहारमा लागू गर्न कठिन हुन्छ ।

'नेपाल प्रथम : नेपाली प्रथम' को नारा आउँदा नागरिकमा आशा जाग्नु स्वाभाविक हो । तर शासनको इतिहासले देखाएको कठोर सत्य के हो भने सरकारहरु नारा कमजोर भएर होइन, संस्था कमजोर भएर असफल हुन्छन् । नारा र प्रतिबद्धता आफैंमा खराब होइन । समस्या तब सुरु हुन्छ जब नारा नै शासनको विकल्प बन्न थाल्छ । संस्थागत निर्माणलाई गौण ठानिन्छ । संस्था भनेको नियम, प्रक्रिया, दक्ष कर्मचारीतन्त्र, निष्पक्ष नियामक निकाय, विश्वसनीय न्याय प्रणाली, पारदर्शी सार्वजनिक खरिद प्रक्रिया, तथ्यमा आधारित योजना र गल्ती भए सुधार्ने जवाफदेहिताको संयन्त्र हो । यी नहुँदा नारा निराशाको पर्याय बन्छ ।

अब यस्तो प्रवृत्ति नेपालमा मात्र र नयाँ होइन । पछिल्ला वर्षहरूमा लोकप्रियतामुखी राजनीति विश्वभर बलियो भएको छ । जहाँ 'पहिले हामी', 'देशलाई फेरि महान् बनाउने', 'स्वदेशमै उत्पादन' जस्ता भावनात्मक सन्देशले भीड तान्छ । संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्पको 'अमेरिका फेरि महान्' अभियानले यही भावनालाई अत्यन्त शक्तिशाली रूपमा उपयोग गऱ्यो । त्यसले उद्योग, आप्रवासन, व्यापार घाटा र राष्ट्रिय गर्वका विषयलाई सिधै जनभावनासँग जोडेर 'जनताको कुरा गर्ने' छवि बनायो । तर त्यहाँबाट सिक्नुपर्ने पाठ नारा होइन, संस्था हो । अमेरिकामा नारा जति चर्को भए पनि अदालत, संसद्, संघीय र प्रादेशिक संरचना, स्वतन्त्र सञ्चारमाध्यम लगायतका व्यवस्था र संस्थाले धेरै निर्णयलाई रोक्न, सच्याउन वा सीमित गर्न सक्छन् । यसको अर्थ त्यहाँ सबै सही भयो भन्ने होइन, समाज थप ध्रुवीकृत भयो, केही नीतिहरूले दीर्घकालीन विवाद जन्माए र विश्वासको संकट पनि बढ्यो । तर संस्थागत 'जाँच र सन्तुलन' ले राज्यलाई पूर्ण रूपमा एउटा व्यक्तिको इच्छामा बहकिन नदिएको पक्ष महत्वपूर्ण छ । यहीँबाट देखिन्छ कि लोकप्रियतामुखी भाष्यले शासनको दिशा बदल्न सक्छ । तर संस्था कमजोर भयो भने त्यसले राज्यलाई अझ छिटो असफलतामा धकेल्छ ।

भारतमा २०१४ मा नरेन्द्र मोदी सत्तामा आउँदा 'भारतमा निर्माण' भन्ने अभियानले व्यापक उत्साह जगायो । यसको सार विदेशमा निर्भरता घटाउने, उत्पादन र रोजगारी बढाउने र उद्योगलाई आकर्षित गर्ने थियो । यो पनि एक किसिमको राष्ट्रिय गर्व र आर्थिक आकांक्षाको मिश्रण थियो । केही क्षेत्रमा पूर्वाधार, डिजिटल सेवाको विस्तार, लगानी आकर्षणका पहल र प्रत्यक्ष कर संरचनामा सुधार जस्ता कदमहरु देखिए । तर त्यससँगै अर्को पाठ पनि स्पष्ट भयो कि नारा मात्रले उत्पादन क्रान्ति स्वतः आउँदैन । उत्पादन बढ्न श्रम बजार, भूमि व्यवस्थापन, न्यायिक प्रक्रियाको गति, नीतिगत स्थिरता, साना तथा मझौला उद्यमको वित्तीय पहुँच र राज्यस्तरको प्रशासनिक क्षमता लगायतका संस्थागत आधार चाहिन्छ । भारतमा 'भारतमा निर्माण' ले बहसलाई उत्पादनतर्फ धकेले पनि, रोजगार सिर्जनाको गुणस्तर, नीति-निरन्तरताको विवाद र नियमनको जटिलताजस्ता समस्या निरन्तरका चुनौती रहेका छन् । यहाँ पनि निष्कर्ष उही हो- नाराले एक किसिमको गति दिन सक्छ, तर संस्थागत सुधारबिना त्यो गति स्थायी हुँदैन ।

नेपालका लागि यी दुई उदाहरणहरु महत्वपूर्ण छन् । किनकि 'नेपाल प्रथम : नेपाली प्रथम' पनि भावनात्मक रूपमा शक्तिशाली छ र यसले प्रश्न उठाउँछ कि राज्यको प्राथमिकता के हो ? तर प्रश्न उठाउनु मात्र पनि पर्याप्त छैन । उत्तर दिने संयन्त्र चाहिन्छ । यदि हाम्रो राज्य संयन्त्रमा निर्णय गर्ने निकायहरु पारदर्शी छैनन्, नियम सबैका लागि बराबर लागू हुँदैन, ठेक्का र खरिदमा अनियमितता सहजै हुन्छ, न्याय पाउन वर्षौं लाग्छ र नियामक संस्थाहरु राजनीतिक वा व्यावसायिक दबाबमा चल्छन् भने 'नेपाल प्रथम' नारा मात्र रहन्छ ।

सबैभन्दा संवेदनशील विषय शासन सुधारको दाबी हो । राजनीतीकरण अन्त्य, बिचौलिया हटाउने, सम्पत्ति छानबिन, कर्मचारीतन्त्रलाई पेसागत बनाउने लगायतका काम सो दाबीअन्तर्गत पर्छन् । सबैभन्दा संवेदनशील विषय शासन सुधारको दाबी हो । राजनीतीकरण अन्त्य, बिचौलिया हटाउने, सम्पत्ति छानबिन, कर्मचारीतन्त्रलाई पेसागत बनाउने लगायतका काम सो दाबीअन्तर्गत पर्छन् । लोकप्रियतामुखी सरकारहरु यहाँ प्रायः दुई कारणले चुक्छन् । पहिलो, उनीहरु सुधारलाई 'कडाइ' भनेर मात्र बुझ्छन् र प्रक्रिया तथा अधिकारको सन्तुलन बिगार्छन् । दोस्रो, उनीहरु सुधारलाई 'चयनात्मक' बनाउँछन् । केहीलाई मात्र कारबाही, केहीलाई संरक्षण । दुवै अवस्थामा संस्था बलियो हुँदैन । डर र अविश्वास बढ्छ । भ्रष्टाचार नियन्त्रण सफल हुन छानबिन निकाय स्वतन्त्र, प्रमाणमा आधारित र अदालतसँग समन्वित हुनुपर्छ । कर्मचारीतन्त्र सुधार्न पारदर्शी बढुवा, कार्यसम्पादन मूल्यांकन र राजनीतिक हस्तक्षेपबाट टाढा हुनु जरुरी हुन्छ । यी कुरा बिनानारा कडा भए पनि नतिजा कमजोर हुन्छ । र, अन्ततः सरकार आफ्नै घोषणाको भारले थिचिन्छ ।

अन्ततः 'नेपाल प्रथम : नेपाली प्रथम' को सबैभन्दा ठूलो कमजोरी यसको सम्भावित राजनीतिक प्रयोगमा लुकेको छ । कुनै नारा जब 'हामी' र 'उनीहरु' को खाल्डो खन्न प्रयोग हुन्छ वा असफलताको जिम्मेवारी बाह्य शक्तिमाथि, अघिल्लो सरकारमाथि वा कुनै समूह/वर्गमाथि थोपर्ने सुविधाजनक भाषा बन्छ, तब त्यो नारा राष्ट्रहित होइन, राजनीतिक स्वार्थको साधन बन्छ । राष्ट्रिय प्रतिबद्धता जस्तो दस्तावेजले लक्ष्यहरु राख्नु र दिशा दिनु उपयोगी हो । तर यसले सरकारलाई प्रश्नबाट मुक्त गर्दैन । बरु थप प्रश्न जन्माउँछ ।

त्यसैले निष्कर्ष के हो भने 'नेपाल प्रथम : नेपाली प्रथम' सफल हुन सक्छ । तर यसको सफलता शासनको साधारणतामा हुनुपर्छ । नभए यो पनि अर्को चर्को नारा भएर, केही वर्षपछि नयाँ नाराले विस्थापित गर्ने र पुरानो सूचीमा थपिने खतरा उत्तिकै छ । - *कान्तिपुर*

# हिमालयन रिका चार सञ्चालकले राजीनामा दिएपछि रित्तियो निर्वाचित समिति

काठमाडौं । नेपाल बिमा प्राधिकरणको नियामकीय कारबाहीमा पर्ने भएपछि हिमालयन रि-इन्स्योरेन्सका चार सञ्चालकले राजीनामा गरेका छन् । राजीनामा दिनेमा अमित मोर, राजीव मोर, शुभेच्छा खरेल र सुवास भुनभुनवाला छन् । उनीहरूले राजीनामा गरेको व्यहोरा उल्लेख गरेर प्राधिकरणमा स्पष्टीकरणसमेत बुझाइसकेका छन् ।

पब्लिक कम्पनी हिमालयन रि-इन्स्योरेन्सको रकम दुरूपयोग गरेको र विवादास्पद व्यवसायी दीपक भट्टको अनियमिततामा सहयोग गरेको भन्दै प्राधिकरणले निलम्बन गर्ने चेतावनीसहित अघिल्लो मंगलबार सञ्चालक समिति र व्यवस्थापनलाई स्पष्टीकरण सोधेको थियो । प्राधिकरणको पत्रपछि चार सञ्चालकले राजीनामा गरेका हुन् । कम्पनीको ४ वैशाखमा सम्पन्न सञ्चालक समितिको बैठकले उनीहरूको राजीनामा स्वीकृति गरेको जानकारी मंगलबार नेपाल स्टक एक्सचेन्ज (नेप्से)लाई गराएको छ ।

पछिल्ला दुई विवादले हिमालयन रिको निर्वाचित सञ्चालक समिति नै रित्तिएको छ । कम्पनीका सबै सञ्चालकले राजीनामा दिएका छन् । त्यसपछि आगामी साधारणसभासम्मका लागि नयाँ सञ्चालक नियुक्त गरिएको छ ।

हिल्टन होटेलको पुनर्बिमा दाबी प्रकरणसमेत अनुसन्धानमा पर्ने देखिएपछि कम्पनीका अध्यक्ष शेखर गोल्छाले ८ चैतमा राजीनामा दिएका थिए । त्यस्तै, कम्पनीको रकम दुरूपयोग गरेको विषयमा कारबाहीमा पर्ने देखिएपछि बाँकी ६ जना सञ्चालकले पनि दुई चरणमा राजीनामा दिएका छन् । संस्थापक सेयरधनी साहिल अग्रवाल र रोहित गुप्ताले चैत चौथो साता नै राजीनामा दिएका थिए । त्यसपछि प्राधिकरणले उनीहरूसहित सञ्चालक समितिमा रहेका पुराना चार सदस्यलाई पनि निलम्बन गर्ने चेतावनीसहित स्पष्टीकरण सोध्यो । प्राधिकरणले स्पष्टीकरण सोधेपछि उनीहरूले पनि राजीनामा गरेका हुन् ।

अहिले कम्पनीको सञ्चालकमा पूर्णतः नयाँ सदस्य छन् । त्यसमा अध्यक्षमा उदयकुमार निरौला र सदस्यहरूमा दीपेन्द्रकुमार मिश्र र पृथ्वीराज थापालाई २५ चैतमा नियुक्त गरिएको थियो । त्यसपछि पुराना चार सञ्चालकको राजीनामा आएपछि थप दुईजना सञ्चालक दीपककुमार मिश्र र आशिषचन्द्र न्यौपानेलाई नियुक्ति गरिएको छ । न्यौपाने स्वतन्त्र सञ्चालक हुन् । उनीहरूको अवधि आगामी साधारणसभासम्मका लागि मात्रै रहेको कम्पनीको भनाइ छ । आगामी साधारणसभाको मिति भने तय भइसकेको छैन ।

कम्पनीबाट राजीनामा गरेका सञ्चालक र व्यवस्थापकले प्राधिकरणमा स्पष्टीकरण पनि बुझाइसकेका छन् । उनीहरूले स्पष्टीकरण बुझाउने म्याद मंगलबारसम्म रहेकाले सबैले पेस गरेको प्राधिकरणका एक उच्च अधिकारीले जानकारी दिए । प्राधिरकणकी प्रवक्ता पूजन ढुंगेल अधिकारीले पनि स्पष्टीकरण आउने क्रम जारी रहेको बताइन् । 'हिमालयन रिका सञ्चालक र व्यवस्थापकको स्पष्टीकरण आउने क्रम जारी छ,' उनले भनिन्, 'यसबारे विस्तृत जानकारी मलाई पनि आइसकेको छैन ।'

स्रोतका अनुसार अब बस्ने सञ्चालक समितिको बैठकमा उक्त स्पष्टीकरण पेस गरिने स्रोतको भनाइ छ । स्पष्टीकरणको अध्ययन गरेपछि बोर्डले यसमा उपयुक्त निर्णय लिने स्रोतले बतायो ।

प्राधिकरणले व्यवस्थापनतर्फ प्रमुख कार्यकारी अधिकृत (सिइओ) उपास्ना पौडेल, नायब प्रमुख कार्यकारी अधिकृत (डिसिइओ) मुकेशकुमार कपुर तथा कार्यकारी निर्देशकहरू मनीष कुमार, शिशिर गैरे र सन्तोष केसीलाई स्पष्टीकरण सोधेको थियो ।

यसैगरी, सञ्चालक समिति सदस्यहरू अमित मोर, राजीव मोर, शुभेच्छा खरेल र सुवास भुनभुनवालालाई पनि स्पष्टीकरण सोधिएको थियो । उनीहरूले राजीनामा दिएर स्पष्टीकरण दिएका छन् । यसअघि नै सञ्चालक समितिबाट बाहिरिएका साहिल अग्रवाल र रोहित गुप्तालाई पनि स्पष्टीकरण सोधिएको थियो । उनीहरूले पनि जवाफ पेस गरेका छन् ।

मुख्यतः विवादास्पद व्यवसायी दीपक भट्टलाई सहयोग गरेको आरोपमा उनीहरूलाई स्पष्टीकरण सोधिएको हो । हिमालयन रिमा भट्टको इन्फिनिटी होल्डिङ्सको ४.५० प्रतिशत सेयर हिस्सा अर्थात् ४६ लाख ८० हजार कित्ता सेयर छ । गत २८ फागुनमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले भट्टले हिमालयन रि-इन्स्योरेन्सलगायतका बिमा कम्पनीको रकम अनियमितता वा आर्थिक दुरूपयोग गरे-नगरेको सम्बन्धमा छानबिन गरी राय-प्रतिक्रियासहितको प्रतिवेदन सात दिनभित्र पेस गर्न प्राधिकरणलाई अनुरोध गरेको थियो । भट्टले बिमा क्षेत्रको तीन अर्ब ८१ करोड ४६ लाख चार हजार रूपैयाँबराबरको रकम दुरूपयोग गरेको विभागको आशंका छ । भट्टले दोस्रो बजारबाट नेपाल रि-इन्स्योरेन्सलगायतका कम्पनीको सेयर किन्न विभिन्न मितिमा हिमालयन रिबाट दुई अर्ब ७३ करोड ३३ लाख १५ हजार, हिमालयन रिकै सहायक कम्पनी हिमालयन सेक्युरिटिजबाट २२ करोड १९ लाख ७१ हजार, नेपाल लाइफको सहायक कम्पनीबाट ३७ करोड, एचएलआई लार्ज क्याप फन्डबाट २५ करोड १४ लाख ८४ हजार र नेपाल माइक्रो इन्स्योरेन्सबाट १६ करोड १७ लाख ५२ हजार गरेर कुल तीन अर्ब ८१ करोड ४६ लाख चार हजार रूपैयाँ दुरूपयोग गरेको विभागको आशंका छ । उक्त रकम प्रयोग गरेर भृकुटी स्टक ब्रोकिङ कम्पनी (ब्रोकर नम्बर ५५) बाट सेयर खरिद गरी भुक्तानी गरेको देखिएको छ । त्यस सम्बन्धमा छानबिन गरेर राय प्रतिक्रियासहितको प्रतिवेदन विभागमा पठाउन भनी प्राधिकरणलाई पत्र पठाइएको थियो ।

प्राधिकरणले यसबारे छानबिन गरेर कारबाहीको सिफारिससहित प्रतिवेदन विभागलाई बुझाएको थियो । प्राधिकरणको छानबिनमा भट्टले अनियमितता गरेको देखिएको थियो । सोहीअनुसार कारबाहीका लागि सिफारिस गरिएको हो । त्यसमा सहयोग गर्ने कर्मचारी र सञ्चालकलाई भने नियामकीय कारबाही गर्न लागिएको हो ।

छानबिनका क्रममा हिमालयन रि-इन्स्योरेन्स कम्पनीले आफ्नो लगानीको विभिन्न सेयर बिक्री गरेको देखिन्छ । तर, सेयर बिक्रीबापत कम्पनीले पाउनुपर्ने भुक्तानी ब्रोकरबाट प्राप्ति भएको देखिन्न । त्यो भुक्तानी प्राप्तिका लागि कम्पनीबाट पनि ताकेता भएको देखिएन । कम्पनीले पाउनुपर्ने त्यो रकम भट्टले प्रयोग गरेको देखिएको छ ।

हिमालयन रि हिल्टन होटेलको पुनर्बिमा दाबीको घोटालामा पनि विवादमा छ । हिल्टनको बिमा गरेको दी ओरियन्टल इन्स्योरेन्सले प्राधिकरणको निर्देशनविपरीत हुलदंगा तथा आतंकवााद जोखिमको पुनर्बिमा हिमालयन रिमा गरेको थियो । तर, जेन-जी आन्दोलनमा ध्वस्त भएको हिल्टनको दाबी परेपछि त्यसको पुनर्बिमा दाबी भने सरकारी स्वामित्वको नेपाल रिमा गरेको थियो । यस सम्बन्धमा प्राधिकरणले हिमालयन रिलगायतका कम्पनीलाई कारबाही गरिसकेको छ । यही विवादबिच कम्पनीका अध्यक्ष शेखर गोल्छाले पनि राजीनामा दिएका थिए । त्यसलगत्तै कम्पनी अर्को विवादमा परेको छ ।

# पूर्व-पश्चिम राजमार्ग विस्तारमा इन्धनको मूल्यवृद्धि र बिटुमिन अभावको असर

सुनसरी । अमेरिका-इरान युद्धका कारण बजारमा इन्धनको मूल्यवृद्धि र बिटुमिन अभावको प्रभाव पूर्व-पश्चिम राजमार्गअन्तर्गत काँकडभिट्टा-लौकही सडक विस्तारमा पनि देखिएको छ । एसियन राजमार्गसँग जोड्न चार लेनमा विस्तार गर्ने योजनाअन्तर्गत झापाको काँकडभिट्टादेखि सुनसरीको लौकहीसम्मको खण्डमध्ये ठेक्का लागेर विस्तारको काम भइरहेको ९५ किलोमिटर सडकमा असर देखिएको हो । काँकडभिट्टा-लौकही सडक खण्डअन्तर्गत झापा काँकडभिट्टादेखि सुनसरीको लबिपुरसम्म ठेक्का लागेर काम भइरहेको छ ।

एसियाली विकास बैंकको तीन सय मिलियन डलर ऋण सहायता र नेपालको लगानीमा चार लेनमा विस्तार हुँदै गरेको काँकडभिट्टा-लौकही सडकलाई दुई खण्डमा विभाजन गरिएको छ । पूर्वी र पश्चिम खण्डमा विभाजन गरी दुई कार्यालयले यसको काम गराइरहेका छन् । यसलाई पनि विभिन्न खण्ड बनाएर ठेक्का लगाइएको छ । काँकडभिट्टादेखि लौकहीसम्मको एक सय २० किलोमिटर सडक ठेक्कामा लगाउने योजना भए पनि सुनसरीको लबिपुरसम्मको ९५ किलोमिटर मात्रै ठेक्का लागेको हो ।

९५ किलोमिटर सडक विस्तार र यसमा पर्ने पुल निर्माणका लागि २ कात्तिक ०८० मा ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार सम्पन्न गर्नुपर्ने म्याद भने १९ माघ ०८३ छ । ठेक्का २ कात्तिक ०८० मा लागेको भए पनि सम्झौता मितिले काम माघदेखि सुरू भएको हो । पूर्वी खण्ड अर्थात् झापा काँकडभिट्टादेखि झापाकै कमल गाउँपालिकास्थित केर्खासम्मको ४५ किलोमिटर सडक पर्छ । ४५ किलोमिटर सडक निर्माणको ठेक्का भने १० अर्ब ६ करोडमा एभरसकोन-कालिका जेभीले ठेक्का लिएको हो । यो सडक निर्माणको काम ठेक्का लागेको अढाई वर्षमा बल्ल ४० प्रतिशत भएको छ । यस्तै, यो खण्डमा कन्काई, निन्दा र बिरिङ नदीको पुलको काम २१ प्रतिशत मात्र सम्पन्न भएको उनले बताए । यी तीन पुल निर्माणका लागि कोभेक-सिआरइजिसी-टुन्डी जेभीले पाँच अर्ब ९७ करोडमा ठेक्का लिएको छ । पुल निर्माणको काम २६ प्रतिशत मात्र भएको काँकडभिट्टा-लौकही सडक योजना कार्यालय (पूर्वी खण्ड)का प्रमुख सुनीलबाबु पन्तले जानकारी दिए ।

यस्तै, पश्चिम खण्डमा केर्खादेखि पश्चिम सुनसरीको लबिपुरसम्म पर्छ । केर्खादेखि पश्चिम मोरङको गोठगाउँसम्मको ४० किलोमिटर सडक सिआरएफजी-टुन्डी जेभीले नौ अर्ब १३ करोडमा ठेक्का लिएको छ । गोठगाउँदेखि लबिपुरसम्मको १० दशमलव ७६ किलोमिटर कोभेक-सिआरइजिसी-टुन्डी जेभीले चार अर्ब सात करोडमा निर्माणका लागि ठेक्का लिएको छ । पश्चिम खण्डमा पर्ने रतुवा, बक्राह र लोहेन्द्रा नदीमा पुल निर्माण भइरहेको छ । यो पुल निर्माणका लागि कोभेक-सिआरइजिसी-टुन्डी जेभीले पाँच अर्ब ६५ करोडमा ठेक्का लिएको छ । यो खण्डमा सडक निर्माणको काम ३६ प्रतिशत र पुल निर्माणको काम ३२ प्रतिशत मात्रै भएको काँकडभिट्टा-लौकही सडक योजना (पश्चिम खण्ड)का प्रमुख जगत प्रजापतिले जानकारी दिए ।

पूर्वी खण्डमा अझै १५ दिनलाई पुग्ने बिटुमिन भण्डार भएको भए पनि इन्धनको मूल्यवृद्धि र इन्धन अभावको प्रभाव देखिएको काँकडभिट्टा-लौकही सडक योजना कार्यालय (पूर्वी खण्ड)का प्रमुख सुनीलबाबु पन्तले बताए । उनले भने, 'मूल्यवृद्धिको असर त देखिएको छ, जुन रफ्तारमा काम हुनुपर्ने हो, त्यो रफ्तारमा काम हुन सकेको छैन । अहिले काम गर्ने सिजन हो । यो सिजनमा ५० प्रतिशत पुर्‍याउने लक्ष्य थियो । तर, पुग्ने अवस्था देखिएन ।'

खेलकुद

# साफ महिला च्याम्पियनसिपमा नेपाल, भुटान र श्रीलंका एउटै समूहमा



नेपालले साफ महिला च्याम्पियनसिपको समूह चरणमा पुनः एकपटक भुटान र श्रीलंकालाई नै प्रतिद्वन्द्वीका रूपमा पाएको छ । दक्षिण एसियाली फुटबल महासंघले बुधबार भारतको गोवास्थित मार्गाओ सहरमा २५ मेदेखि ७ जुनसम्म हुने च्याम्पियनसिपका लागि 'ड्र' सार्वजनिक गरेको हो ।

साबिक उपविजेता नेपाल, भुटान र श्रीलंका समूह 'ए'मा छन् । दुईपटकको साबिक विजेता बंगलादेशले समूह 'बी'मा छ । बंगलादेशले भारत र माल्दिभ्सको सामना गर्नेछ । सन् २०२२ को छैटौं र २०२४ को सातौं संस्करणमा नेपालले पहिलो चरणमा भुटान र श्रीलंकासँग खेलेको थियो ।

यी दुवै संस्करण काठमाडौंमा भएको थियो । अघिल्लो संस्करण नेपालले आफ्नो समूहमा माल्दिभ्ससँग पनि खेलेको थियो । यसपालि भने माल्दिभ्स अर्कै समूहमा परेको छ । एकल राउन्ड रोबिन लिगपछि समूहका शीर्ष दुई टोलीले सेमिफाइनलमा आफ्नो स्थान बनाउनेछन् । प्रतियोगिताका लागि अखिल नेपाल फुटबल संघ (एन्फा)ले मंगलबार ३५ सदस्यीय टोली घोषणा गरेको थियो ।

यसअघि राष्ट्रिय खेलकुद परिषद्ले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई तीन महिनाको निलम्बन गरेपछि नेपालको सहभागिता अन्योलमा परेको थियो । तर, एन्फाले दक्षिण एसियाली फुटबल महासंघसँग छलफल गर्दै टोली घोषणा गरेको हो । प्रतियोगिताको तयारीका लागि प्रारम्भिक बन्द प्रशिक्षण आगामी २७ अप्रिलदेखि सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सुरू हुनेछ ।

महिला टोलीका मुख्य प्रशिक्षक नवीन न्यौपानेले अघिल्लो संस्करणमा उपाधिनजिक पुगेर विमुख भएको बताएका छन् । तर, यसपटक नेपाललाई उपाधि जित्ने लक्ष्यका साथ प्रशिक्षणमा खेलाडीलाई राख्ने उनको योजना छ ।




## कर्पोरेट

## ● प्रभु बैंक र मर्केन्टाइलबिच छुट सम्झौता

प्रभु बैंक र नेपालमा एसर ल्यापटप र एप्सन प्रिन्टर आधिकारिक विक्रेता मर्केन्टाइल अफिस सिस्टम प्रालिबिच छुटसम्बन्धी सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका मार्केटिङ म्यानेजर सबिनशमशेर जबरा राणा र मर्केन्टाइलका कार्यकारी निर्देशक सुरज क्षेत्रीले हस्ताक्षर गरेका हुन् । यससँगै बैंकका कर्मचारीले एसर ल्यापटप र एप्सन प्रिन्टर समान खरिदमा १८ प्रतिशतसम्म छुट पाउनेछन् । साथै, ग्राहकले एसर ल्यापटपलगायत एप्सन प्रिन्टरमा अधिकतम १५ प्रतिशतसम्म छुट पाऊनेछन् ।

त्यसैगरी, त्रेडिटकार्ड प्रयोगकर्ताले भने इन्स्टा-पेबाट किस्ताबन्धी सुविधा पनि पाउने सम्झौतापत्रमा उल्लेख गरिएको छ । बैंकले देशभर फैलिएका तीन सय १२ शाखा सञ्चालन, दुई ८५ एटिएम र ६८ एक्सटेन्सन काउन्टरमार्फत वित्तीय सेवा दिँदै आइरहेको छ ।

## ● माछापुच्छ्रेले नेपाल पेको पेमेन्ट इनेबल गर्ने

माछापुच्छ्रे बैंक लिमिटेड र एनसिएचएलबिच इएफटी कार्ड स्विचमार्फत नेपाल पे कार्डको पेमेन्ट इनेबल गर्न सम्झौता भएको छ । एक औपचारिक कार्यक्रममा माछापुच्छ्रे बैंकको प्रमुख डिजिटल बैंकिङ अधिकृत माधव सुवेदी तथा एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानद्वारा सम्झौतापत्रमा हस्ताक्षर गरी उक्त सम्झौतापत्र आदान-प्रदान गरेका हुन् ।

एनसिएचएलको इएफटी स्विच नेसनल कार्ड स्विचसँग इन्टिग्रेट भइसकेको र उक्त सम्झौतापश्चात् माछापुच्छ्रे बैंकले आफ्ना ग्राहकका लागि नेपाल पे कार्ड जारी गर्न सक्नेछ । साथै, डिस्कभर नेटवर्कअन्तर्गतका अन्तर्राष्ट्रिय कार्डहरू र पे कार्डसमेत अक्वायर गरी नेपाल पे कार्डका कारोबार प्रोसेस गर्न सक्नेछन् । पहिलो चरणमा बैंकले आफ्नो एक सय ९९ भन्दा बढी एटिएम र तीन हजारभन्दा बढी पिओएस टर्मिनमार्फत नेपाल पे कार्डको अक्वायरिङका लागि इनेबल गर्नेछ भने क्रमिक रूपमा उक्त कार्ड आफ्ना ग्राहकलाई जारीसमेत गर्नेछ ।

एनसिएचएलले हालै नेपाल पे कार्डको व्यावसायिक रोलआउट सुरू गरिसकेको छ भने अन्तर्राष्ट्रिय पार्टनर डिस्कभर नेटवर्कमार्फत नेपाल पे कार्ड विश्वव्यापी रूपमा प्रयोग गर्न सकिने भएको छ । नेसनल पेमेन्ट स्विचअन्तर्गत नेपाल पे सञ्चालनमा आएसँगै बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवाप्रदायक र भुक्तानी प्रणाली सञ्चालकले जारी गर्ने नेपाल पे कार्ड नेपाल तथा विदेशमा रहेका एटिएम र पिओएस टर्मिनलमा समेत प्रयोग गर्न सकिने भएको छ । साथै, अन्तर्राष्ट्रिय डिस्कभर कार्ड तथा डिस्कभर पार्टनर कार्ड पनि नेपालमा प्रयोग गर्न सकिने भएको छ । एनसिएचएलको इएफटी सर्भिसेसमार्फत हाल १० वटा सदस्य बैंक वित्तीय संस्थाहरूले विभिन्न अन्तर्राष्ट्रिय कार्ड स्किम प्रोसेस गर्दै आइरहेका छन् । बैंकका देशभर एक सय ६५ वटा शाखा, १२ विस्तारित काउन्टर, ८८ शाखारहित बैंकिङ सेवा तथा एक सय ९९ एटिएम टर्मिनल सञ्चालनमा रहेका छन् ।

## ● महालक्ष्मी विकास बैंकद्वारा युनियन पेसँगको सहकार्यमा अन्तरदेशीय क्युआर भुक्तानी सुरु

महालक्ष्मी विकास बैंकले युनियन पे वालेट प्रयोगकर्ताबाट नेपालभित्रै क्युआर कोडमार्फत भुक्तानी स्वीकार गर्ने सुविधाको सुरूवात गरेको छ । बैंकले आफ्नो फोनपे क्युआर मर्चेन्ट नेटवर्कमार्फत भुक्तानी स्वीकार गर्न सक्ने सुविधा सञ्चालनमा ल्याएको हो ।

यो सेवा युनियनसँगको सहकार्यमा फोनपेमार्फत लागू गरिएको हो । यससँगै युनियन पे डिजिटल प्रयोगकर्ताले नेपालभरका महालक्ष्मी विकास बैंकका क्युआर मर्चेन्टमा सजिलै भुक्तानी गर्न सक्नेछन् । विशेष गरी चीनलगायतका विभिन्न देशबाट नेपाल आउने पर्यटकलाई यो सुविधाले लाभ दिने बताइएको छ । सन् २००२ मा स्थपना भएको युनियन पे विश्वकै ठुला भुक्तानी सेवाप्रदायकमध्ये एक हो । यसको ९.६ अर्बभन्दा बढी कार्ड जारी भइसकेको छ । यस्तै, एक सय ८० भन्दा बढी देश तथा क्षेत्रमा यसको स्वीकृति रहेको बताइएको छ । यो सेवापछि अहिले नेपालमा प्रदान भइरहेको क्युआर पूर्वाधार अझ प्रभावकारी हुने विश्वास बैंकले लिएको छ । डिजिटल नवप्रवर्द्धनलाई अझ सुरक्षित, प्रभावकारी तथा समावेशी बनाउन प्रतिबद्ध रहेको बैंकले जनाएको छ ।

०८३ लाई डिजिटल प्रवर्द्धन वर्षका रूपमा मनाउने योजनाअनुरूप बैंकले 'महालक्ष्मी स्मार्ट साथी'मार्फत नयाँ योजना घोषणा गरेको छ । महिनाको पहिलो हप्ता कम्तीमा एक कारोबार गर्ने ग्राहकमध्ये तीनजनाले आकर्षक भ्रमण प्याकेज प्राप्त गर्न सक्नेछन् । बैंकका देशभर एक सय तीन शाखा कार्यालय र साढे आठ लाखभन्दा बढी ग्राहक छन् ।

## ● ज्योति विकासको वृक्षारोपण

ज्योति विकास बैंक लिमिटेडले सातैवटा प्रदेशमा वृक्षारोपण गरेको छ । बैंकले विभिन्न स्थानमा कार्यक्रम गरी १७ सयवटा बिरूवा रोपेको जनाएको छ । यो कार्यक्रम बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत स्थापना गरेको 'हाम्रो विकास प्रवर्द्धन कोष'मार्फत गरेको बताइएको छ ।

बैंकका अनुसार प्रत्येक प्रदेशमा दुई सय ५० वटा बिरूवा रोपिएको छ । यस पहलमार्फत वातावरणीय सन्तुलन कायम रहने र स्थानीय समुदायमा हरियाली विस्तार, स्वच्छ वातावरणको संरक्षण तथा जनस्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्ने लक्ष्य बैंकले लिएको छ । रोपिएका बिरूवाले दीर्घकालमा स्वच्छ हावाको आपूर्ति, पारिस्थितिक सन्तुलनको संरक्षण तथा दिगो जीवनशैलीको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याउने बैंकको विश्वास छ ।

यस बैंकले १७औँ वार्षिकोत्सवका अवसरमा लुम्बिनी वर्ल्ड पिस फोरमसँग सहकार्य गरी देशव्यापी वृक्षारोपण गर्ने घोषणा गरेको थियो । उक्त घोषणाबमोजिम वृक्षारोपण गरिएको हो । बैंकले आगामी दिनहरूमा पनि यस्ता प्रभावमुखी सामाजिक पहललाई निरन्तरता दिँदै जाने बताएको छ ।

बैंकले खुद मुनाफाबाट विविध समाजिक कार्य गर्दै आइरहेको छ । नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षाका लागि बैंकले ७० वटा न्यानो नानीमार्फत वार्षिक करिब २६ सय शिशुको जीवन रक्षा गर्दै आएको बैंकले जनाएको छ ।

## ● एसइई विद्यार्थीलक्षित एनसेलको 'पहिलो सिम'

एनसेलले माध्यमिक शिक्षा परीक्षा (एसइई) दिएका विद्यार्थीका लागि 'पहिलो सिम' अफर सञ्चालनमा ल्याएको छ । यो अफरमा विद्यार्थीले करसहित मात्र ५० मा एनसेलको प्रिपेड सिम लिन सक्नेछन् । साथै, विभिन्न आकर्षक बन्डल सेवाको फाइदा पनि प्राप्त गर्नेछन् । विद्यार्थीले 'पहिलो सिम' लिँदा आफ्नो रोजाइअनुसार एनसेल मोबाइल नम्बर छनोट गर्न पनि सक्छन् । यो पहिलो सिममा दुई जिबी डेटा, सबै नेटवर्कमा कल गर्न मिल्ने ५० मिनेटको टक टाइमका साथै 'मेरो स्कुल' र गेमिङ प्रिमियर लिग (जिपिएल)मा २८ दिनका लागि निःशुल्क पहुँच हुनेछ । मेरो स्कुल एक डिजिटल लर्निङ प्लाटफर्म हो, जहाँ अनलाइन सिकाइका लागि पाठ्यक्रममा थुप्रै भिडिओ सामग्री उपलब्ध हुनेछन् । त्यसैगरी, जिपिएल एक गेमिङ पोर्टल हो, जहाँ एचटिएमएलमा आधारित विभिन्न खेलहरूको मज्जा लिन सकिने बताइएको छ । पहिलो सिम प्रयोगकर्ताले डिजिटल वालेट खल्ती प्रयोग गर्दा कुनै डेटा शुल्क लाग्नेछैन । साथै, यो सिम लिएका ग्राहकले ५० वा सोभन्दा बढीको रिचार्ज गर्दा सात दिनसम्म मान्य हुने र पाँच सय एमबी बोनस डेटासमेत पाउने कम्पनीले जनाएको छ ।

विद्यार्थीले देशभरका जुनसुकै एनसेल सेन्टरबाट सजिलै यो सिम लिन सक्नेछन् । सिम लिन आफ्नो एसइईको प्रवेशपत्र र अभिभावकको नागरिकताको फोटोकपीसहित नजिकको एनसेल सेन्टरमा जानुपर्ने हुन्छ । आवश्यक प्रमाणीकरणपछि उनीहरूको सिम सक्रिय हुने बताइएको छ । एनसेलले एसइईका विद्यार्थीका लागि सुलभ दरमा दूरसञ्चार सेवा उपलब्ध गराउने उद्देश्यसहित आफ्नो लोकप्रिय 'पहिलो सिम' अफरलाई यो वर्ष पनि निरन्तरता दिएको जनाएको छ । यो सिमले विद्यार्थीलाई आफ्ना साथीभाइ, परिवारसँग सधैँ सम्पर्कमा रहेर बाहिरी संसारसँग जोडिइरहन महत्वपूर्ण भूमिका खेल्ने विश्वास कम्पनीले लिएको छ ।

## ● एनआइसीको सम्पत्ति लिलाम बिक्री पोर्टल

एनआइसी एसिया बैंकले लिलाम बिक्रीसम्बन्धी अनलाइन पोर्टल सञ्चालनमा ल्याएको छ । बैंकले आफ्नो नाममा रहेका बैंकिङ, गैरबैंकिङ सम्पत्ति तथा धितो सुरक्षणमा रहेको सम्पत्तिसमेतको लिलाम बिक्रीसम्बन्धी अनलाइन पोर्टल सार्वजनिक गरिएको जनाएको छ । बैंकले सञ्चालनमा ल्याएको अनलाइन पोर्टलमार्फत बैंकले लिलाम बिक्री गर्ने सम्पत्तिसम्बन्धी सम्पूर्ण सूचनाबारे विस्तृत जानकारी समेटिएको छ । यसका लागि ग्राहक महानुभावले लिलाम बिक्रीसम्बन्धी प्रकाशन गरिएको सूचनामा रहेको क्युआर कोड स्क्यान गरी विस्तृत सूचना पाउन सक्नेछन् ।

बिक्रीमा रहेका सम्पत्तिको क्षेत्रफलसहितको विवरण, फोटो, नक्सा एवं उक्त सम्पत्तिको स्थान (लोकेसन) पहिचानका लागि गुगल म्यापसहितका विविध जानकारी प्राप्त गर्न सकिने बताइएको छ ।

## ● नेसनल लाइफ र ग्रान्डीबिच सम्झौता

नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र ग्रान्डी इन्टरनेसनल हस्पिटलबिच मेडिकल सेवामा छुट दिनेबारे सम्झौता गरिएको छ । कम्पनीले आफ्ना प्रस्तावकलाई आवश्यक पर्ने मेडिकल रिपोर्ट तथा कर्मचारीलाई सहुलियत दरमा स्वास्थोपचार सेवा उपलब्ध गराउने गरी सम्झौता गरेको हो । सम्झौतापत्रमा कम्पनीका सिइओ सुरेशप्रसाद खत्री र ग्रान्डीका मेडिकल डाइरेक्टर डा. विनोद बिजुक्छे तथा चिफ अपरेटिङ अफिसर अमृत खन्नालगायतको उपस्थिति थियो । कम्पनीको बिमालेख खरिद गर्न चाहने प्रस्तावकले मेडिकल जाँच सहुलियत दरमा गर्न पाउनेछन् । साथै, कम्पनीका कर्मचारीलाई १० प्रतिशत छुट उपलब्ध गराउने सम्झौतापत्रमा उल्लेख छ ।

## ● प्रभु महालक्ष्मी लाइफका अभिकर्ता लिडरलाई क्षमता वृद्धि तालिम

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सले अभिकर्ता लिडरका लागि क्षमतावृद्धिसम्बन्धी तालिमसहित मनोरञ्जनात्मक कार्यक्रम सम्पन्न भएको छ ।

चितवनको नारायणगढमा ६ देखि ८ वैशाखसम्म विभिन्न मनोरञ्जनात्मक एवं क्षमता अभिवृद्धि तालिम कार्यक्रम सम्पन्न गरिएको कम्पनीले जनाएको छ ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्‍टन गरेका थिए । सिइओ प्रसाईंले व्यावसायिक जीवनमा सफल अभिकर्तालाई अझ प्रखर बनाउन यस किसिमका क्षमता अभिवृद्धि कार्यक्रम फलदायी हुने विश्वास व्यक्त गरे । कार्यक्रममा डेढ सयजनाभन्दा बढी अभिकर्ता लिडरको उपस्थिति थियो । सहभागीलाई अन्तर्राष्ट्रियस्तरका लाइफ इन्स्योरेन्स कोच काजिम रजाले बिमा बिक्री कला र व्यावसायिक क्षमता अभिवृद्धिबारे तालिम प्रशिक्षण दिएका थिए । कम्पनीले अभिकर्ताका लागि निरन्तर मोटिभेसनल, रिफ्रेसमेन्ट, सम्मान तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

## ● नेपाल लाइफको व्यतीत बिमालेख नवीकरण गर्दा शतप्रतिशतसम्म छुट

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले व्यतीत बिमालेख नवीकरण गर्दा शतप्रतिशतसम्म छुट पाइने योजना सार्वजनिक गरेको छ । कम्पनीले २५औँ वार्षिकोत्सवका अवसरमा व्यतीत बिमालेख पुनर्जागरण गराउने उद्देश्यले विलम्ब शुल्कमा विशेष छुट दिने योजना सार्वजनिक गरेको हो ।

कम्पनीका अनुसार अहिले आर्थिक कठिनाइका कारण धेरै बिमालेख व्यतीत भइरहेका छन् । ती बिमालेख सहज रूपमा नवीकरण गरी पुनः सक्रिय गरी बिमितको आर्थिक सुरक्षा सुनिश्चित गर्नु आवश्यक छ । यसैलाई मध्यनजर गर्दै कम्पनीले ७ वैशाखदेखि ५ जेठसम्म व्यतीत बिमालेख नवीकरण गर्दा विलम्ब शुल्कमा शतप्रतिशतसम्म छुट प्रदान गर्ने घोषणा गरेको हो । कम्पनीले रजत जयन्तीको अवसरमा बिमितका लागि पहिलोपटक यति ठुलो विलम्ब शुल्क छुट योजना ल्याइएको जनाएको छ । एक महिनासम्म चल्ने योजनामा बिमालेख व्यतीत भएका बिमितले विलम्ब शुल्क छुटको लाभ लिन सक्नेछन् । कम्पनीले ग्राहकलाई यो अवसरको सदुपयोग गर्दै निरन्तर सुरक्षा सुनिश्चित गर्न अनुरोधसमेत गरेको छ ।

## ● सुर्खेतमा नबिल निःशुल्क जलन शिविरमा १९४ जनाको उपचार

सुर्खेतस्थित प्रदेश अस्पतालमा सञ्चालित 'नबिल निःशुल्क जलन उपचार शिविर'मार्फत एक सय ९४ जनाले उपचार तथा परामर्श सेवा लिएका छन् । प्रादेशिक अस्पताल सुर्खेत र नबिलको संयुक्त आयोजना तथा फेक्ट नेपालको प्राविधिक सहयोगमा गत २७ चैतदेखि तीन दिनसम्म शिविर आयोजना गरिएको थियो ।

शिविरमा आएका ३९ जना बिरामीको वरिष्ठ चिकित्सकद्वारा शल्यक्रिया गरिएको बैंकले जनाएको छ । जटिल किसिमका एकजना बिरामीलाई काठमाडौंको कीर्तिपुर अस्पतालमा रिफर गरिएको जनाइएको छ । शिविरमा लामो समयदेखि उचित उपचार तथा शल्यक्रियाको पर्खाइमा रहेका र आर्थिक अवस्था कमजोर भएका बिरामीले निःशुल्क उपचार पाएका थिए ।

'नेपालमा जलनसम्बन्धी घटनाका पीडितले अझै पनि उचित उपचार नपाएर बस्नुपर्ने अवस्था रहेकामा नबिल बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कर्णाली प्रदेशका दुर्गम क्षेत्रमा रहेका जलनपीडितलाई लक्षित गरी शिविर आयोजना गरेको हो,' नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले भने । उनले आगामी दिनमा लुम्बिनी र मधेश प्रदेशमा पनि यस प्रकारका शिविर आयोजना गर्ने जानकारी दिए । फेक्ट नेपालको कीर्तिपुर अस्पतालका वरिष्ठ प्लास्टिक सर्जन डा. शंकरमान राईसहितका विशेषज्ञ चिकित्सकको टोलीले कर्णाली प्रदेशका जलनका बिरामीलक्षित शिविरमा शल्यक्रिया गरेका हुन् ।

जलन उपचार शिविर सञ्चालन गर्नुअघि कर्णाली प्रदेशका विभिन्न जिल्लाका १६ स्थानमा स्क्रिनिङ क्याम्प राखिएको थियो । स्क्रिनिङ क्याम्पमा फेक्ट नेपालका स्वास्थ्यकर्मीले स्थानीय तहमै पुगेर प्रारम्भिक बिरामीको विवरण लिएका थिए । बैंकले यसअघि सुदूरपश्चिममा निःशुल्क जलन शिविर सञ्चालन गरेको थियो । गत फागुन १२ देखि १४ गतेसम्म धनगढीमा सञ्चालन भएको उक्त शिविरमार्फत ६५ जना जलनका बिरामीले निःशुल्क उपचार पाएका थिए ।

## ● एमएडब्लू हायर पर्चेजको क्रेडिट रेटिङमा सुधार

एमएडब्लू हायर पर्चेज प्राइभेट लिमिटेड (एमएलपिएल)को क्रेडिट रेटिङ अपग्रेड गरिएको छ । रेटिङ संस्था इक्रा नेपालले कम्पनीको सुधारिएको वित्तीय प्रदर्शन र बलियो सम्पत्ति गुणस्तरलाई ध्यानमा राखी क्रेडिट रेटिङ अपग्रेड गरेको छ । कम्पनीको दीर्घकालीन कर्जा रेटिङ एलबिबी प्लसबाट बढाएर र एलबिबिबी माइनस गरिएको छ । यस्तै, अल्पकालीन रेटिङ ए-४ प्लसबाट सुधार भई ए-३ पुगेको छ । यो रेटिङ अपग्रेडले कम्पनीको समग्र क्रेडिट प्रोफाइल सुदृढ बनाउने दिशामा भएको निरन्तर प्रगतिलाई देखाउने बताइएको छ । कम्पनीले विशेषगरी मोबाइल फोन फाइनान्सिङको क्षेत्रमा राम्रो रिकभरी संयन्त्र र प्रविधिमा आधारित नियन्त्रण प्रणाली अपनाएका कारण सम्पत्ति गुणस्तरमा उल्लेखनीय सुधार गरेको बताइएको छ । कम्पनीले नाफा आर्जनको स्तर पनि सन्तुलित रूपमा कायम राखेको बताइएको छ । कम्पनीको नेट इन्ट्रेस्ट मार्जिन स्थिर रहेको छ भने सञ्चालन खर्च नियन्त्रणमा राख्दा निरन्तर सञ्चालन नाफा कायम राख्न सहयोग पुगेको छ ।

साथै, कम्पनीले करिब ९६ प्रतिशतको बलियो प्रावधान कभरेज कायम राखेको र यसले वित्तीय स्थायित्व बढाउनुका साथै सम्भावित नोक्सानी बहन गर्ने क्षमता सुदृढ बनाएको हो । यसको कर्जा पोर्टफोलियो पनि विविध र स-साना खण्डमा विभाजित छ, जसमा मध्यम लोन टु भ्याल्यु अनुपातमा ध्यान दिइएकाले जोखिम न्यूनीकरणमा मद्दत पुगेको जनाइएको छ । यो समूहको सशक्त बजार उपस्थिति र अग्रणी ब्रान्डसँगको साझेदारीले व्यवसाय विस्तारमा सहयोग गर्नुका साथै वित्तीय संस्थाबाट हुने लगानीको पहुँचलाई सहज बनाएको छ ।

## ● वैदेशिक रोजगारीमा रहेका नेपालीलक्षित सामसङको नयाँ अभियान सार्वजनिक

सामसङ नेपालले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको त्याग र योगदानलाई उच्च सम्मान गर्दै 'सपनादेखि सम्भावनासम्म' नामक नयाँ अभियान सार्वजनिक गरेको छ। आफ्नो अत्याधुनिक इनोभेसनमार्फत मानिसहरूको जीवन र भावनालाई जोड्ने उद्देश्यका साथ यो भावनात्मक तथा सहयोगी अभियान सुरू गरेको कम्पनीले जनाएको छ।

यस अभियानअन्तर्गत सामसङले 'सामसङ रेमिटमा बेनिफिट' नामक योजना सार्वजनिक गरेको छ, जसले रेमिटेन्समा निर्भर परिवारलाई थप सहजता र लाभ प्रदान गर्ने लक्ष्य राखेको छ। यो अफर अप्रिल २४ देखि उपलब्ध हुनेछ।

यस योजनाअन्तर्गत सामसङले आइएमई रेमिट, एनसेल, खल्ती र हुलास फिन सर्भसँग मिलेर सामसङका उत्पादन खरिदमा विशेष लाभहरू उपलब्ध गराएको छ। यसमा एनसेल रिचार्जमा बोनस डाटा, २४ महिनासम्मको सजिलो इएमआई, र खल्तीमार्फत क्यासब्याकजस्ता सुविधा समावेश छन्।

## सांसदलाई...

तस्वीरहरु प्रकाशित भएका छन् । गृहमन्त्री गुरूङमाथि भूमि ऐन विपरित जग्गा राखेको आरोपसमेत लाग्दै आएको छ भने उनीमाथि जेनजीहरूले नै गत भाद्र २३ गतेको विरोध प्रदर्शनलाई हाइज्याक गरेर गुरूङले आफ्नो स्वार्थ पूरा गरेको आरोप जेनजी अगुवाहरूले नै लगाउँदै उनलाई पक्राउ गरी अनुसन्धान गर्न नेपाल प्रहरीमा उजुरी समेत दिएका थिए ।

भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाड्न आएका बताउने गुरूङले अर्को झुठ बोलेका छन् । भाद्र २३ गतेको विरोध प्रदर्शनका लागि उनले जिल्ला प्रशासन कार्यालय काठमाडौमा निवेदन दिएका थिए तर उनले त्यो विषयलाई लुकाएर आफू पानी बाँड्न आएको जेनजीहरूको नेता नभएको सार्वजनिक रूपमै बताएका थिए । भाद्र २३ गतेको घटनापछि उनी एकाएक नेताका रूपमा कसरी पुगे ? त्यसको अनुसन्धान हुनुपर्ने कि नपर्ने ? भाद्र २३ गतेको घटनालाई लिएर भाद्र २४ गते मुलुकभरमै विध्वसात्मक कार्य भए । तिनै गुरूङले तिब्बतीयन ओरिजनल वर्ल्ड (टिओबी) भन्ने आफ्नो हातमा लेखेका छन् । नेपालले एक चीनको नीतिलाई मान्यता दिएको छ तर अहिले फ्रि तिब्बतलाई समर्थन गर्ने व्यक्तिलाई रास्वपाले गृहमन्त्री बनाउनु उदेश्य के थियो ?

भाद्र २३ र २४ गतेको विध्वसात्मक घटनापछि एकाएक सुधन चर्चामा आएका पात्र हुन् । काठमाडौ महानगरका तत्कालिन मेयर हालका प्रधानमन्त्री बालेन साहले गुरूङलाई नेपाली सेनाका प्रधान सेनापतिसँग वार्ता गर भने त्यसको रहस्य के हो ?

भाद्र २४ गते तत्कालिन प्रधानमन्त्री केपी ओलीले राजिनामा दिएपछि बालेन साह र सुधन गुरूङसहितका केही व्यक्तिहरूको आग्रहमा राष्ट्रपतिले संविधानको उल्लंघन गर्दै सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरेर उनैको नेतृत्वमा सरकार गठन भयो । कार्की नेतृत्वको सरकार बालेन साहकै कानुनी सल्लाहकार रहेका ओमप्रकाश अर्याल गृहमन्त्री बने । प्रधानमन्त्री कार्कीले सुधन गुरूङलाई आफ्नो कान्छो छोरा भएको उद्घोष सार्वजनिक रूपमै गरेर बालेन साह मार्फत नै गुरूङलाई रास्वपामा प्रवेश गराएर निर्वाचनमा उम्मेदवार बनाइएको थियो ।

प्रधानमन्त्री बालेन साह र रास्वपाका सभापति रविलाई एकै ठाउँमा ल्याउन गुरूङले सहयोग गरेको र उनलाई अन्य केही पक्षहरूले समेत सहयोग गरेका भएपनि वास्तविकता भनेको प्रधानमन्त्री साह र गुरूङका संरक्षक एक संस्था वा केही व्यक्ति रहेका छन् भन्ने समचारहरु समेत प्रकाशित र प्रसारित भईरहेका छन् । त्यही कारणले गर्दा प्रधानमन्त्री साहले गुरूङलाई पदबाट हटाउन सकेका थिएनन् भने पार्टी सभापति लामिछाने पनि गुरूङलाई हटाउन सक्ने अवस्थामा रहेको थिएन । किनभने लामिछाने पार्टी सभापति भएपनि कमजोर अवस्थामा रहेका थिए तर गुरूङको राजिनामा माग व्यापक रूपमा बढेको र जेनजी अगुवाहरूले नै राजिनामाको माग गरेका हुनाले उनी राजिनामा दिन बाध्य भए ।

लामिछाने डिपी अर्याललाई गृहमन्त्री बनाउन चाहान्थे तर बालेनले अर्यालको नामै सुन्न चाहेनन । त्यसै कारणले गर्दा कुनै अमुख व्यक्तिबाट सुधनलाई गृहमन्त्री बनाउन बालेनले रविलाई दवाव दिएको रास्वपाकै नेताहरूले बताउँदै आएका छन् । अर्याललाई गृहमन्त्री बनाउन असफल भएका सभापति लामिछानले अर्याललाई सभामुख बनाएर आफ्नो स्वार्थ भने पूरा गरेका छन् । प्रतिनिधिसभा नियमावलीको २५९ मा सांसदहरूलाई विशेषाधिकार, अन्य कानुन नलाग्ने गरी प्रतिनिधिसभा २०७९ मा उल्लेख केही विषयमा परिमार्जन सहित तयार पारिएको नयाँ नियमावली सभामुखलाई बुझाइएको छ ।

प्रतिनिधिसभा नियमावली २०८३ अनुसार यो नियमावली संघीय कानुनको रूपमा विशेष कानुन अनुसार हुनेछ र अन्य कानुन सांसदको हकमा लागु हुनेछ भन्ने व्यवस्था गरिएको छ । नियमावलीको नियम २४७ अनुसार एक वर्ष वा सोभन्दा बढी कैद हुने फौजदारी मुद्दामा सांसदलाई पुर्पक्षमा लागि थुनामा राख्दा पद निलम्बन हुनेछ । नियम २५९ अनुसार नियमालीको व्याख्या गर्ने अधिकार सभामुखलाई हुनेछ र यसको निर्णय अन्तिम हुनेछ जसलाई आन्तरिक काम कारबाही मानिनेछ र अदालतमा प्रश्न उठाउन पाइने छैन भन्ने व्यवस्था गरिएकोले अब सम्पत्ति शुद्धीकरण मुद्दा लागेका सांसदहरु भएपनि उनीहरु निलम्बनमा नपर्ने व्यवस्था गरिएकाले रवि लामिछाने निलम्बनमा नपर्ने गरी बाटो खुलाइनुले गर्दा जान्नेलाई छान्ने पार्टीका रणनीति के रहेछ भन्ने प्रष्ट भएन र ?

## सभापति र...

झुठ सावित भएपछि उनी राजिनामा दिन बाध्य भए । आफ्नै पार्टीको मन्त्री दीपककुमार साह पहिला विवादमा तानिंदा रास्वपाले उनलाई सफाईको मौका समेत नदिई पार्टी सभापति रवि लामिछानेको सिफारिसमा प्रधानमन्त्री साहले बर्खास्त गरेका थिए तर मन्त्री गुरूङले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्दा आफूसँग गोरखामा २ सय ९० रोपनी जग्गा भएका र धनकुटामा समेत १९ रोपनी जग्गा भएको विवरण सार्वजनिक गरेका थिए ।

भूमि ऐन अनुसार पहाडमा एक परिवारले ९० रोपनी भन्दा बढी जग्गा राख्न पाइँदैन, तर गुरूङले राखेको स्वीकरा गरेका हुनाले ९० रोपनी भन्दा बढीको जग्गा सरकारको नाममा ल्याउनुपर्नेमा बालेन सरकार मौन रहेको छ भने तत्कालिन मन्त्री गुरूङले दीपक भट्ट र शंकर समूहको लगानी भएको स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड र लिवर्टी माइक्रोलाइफ इन्स्योरेन्समा उनको लगानी भएको उनले सार्वजनिक गरेको सम्पत्ति विवरणमा उल्लेख गरेको थियो । गुरूङ नै अध्यक्ष रहेको हामी नेपाल नामक संस्थाले भट्टलाई २१ डिसेम्वर २०२१ सहयोग दाताका रूपमा भट्टलाई सम्मान गरेको तस्वीर समेत सार्वजनिक भएको छ ।

तत्कालिन मन्त्री गुरूङले गत चैत्र २९ गते सार्वजनिक गरेको सम्पत्ति विवरणमा स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड र लिवर्टी माइक्रो लाइफ इन्स्स्योरेन्समा भएको लगानीका बारेमा केही खुलाइएका थिएनन् । गुरूङले मन्त्री बन्नु अघि पनि धितोपत्रको दोस्रो बजारबाट पनि शेयर खरिद गरेको विवरण सार्वजनिक भएको छ यस बारेमा पनि गुरूङको सम्पत्ति विवरणमा केही खुलाइएको छैन । जेनजी आन्दोलनपछि यी दुवै शेयर बजारबाट शेयर खरिद गरेका हुनाले अब त्यस विषयमा पनि अनुसन्धान हुनुपर्ने आवश्यकता देखिएको छ ।

आफैं गृहमन्त्री रहेका र नेपाल प्रहरीले पहिला अनुसन्धान गर्नुपर्ने भएकाले उनले प्रहरीलाई दवाव दिएर अनुसन्धान नै प्रभावित पार्न सक्ने भएकाले अब मन्त्री गुरूङले तत्काल राजिनामा दिनुपर्दछ भन्ने आवाज उठेको थियो । यदि उनले राजिनामा नदिएको अवस्थामा प्रधानमन्त्री बालेन साहले उनलाई बर्खास्त गर्नुपर्दछ भन्ने माग जेनजीले नै उठाएका थिए । जान्नेलाई छान्ने भन्ने पार्टी र पार्टी सभापति रवि लामिछानेले पहिला दिपक कुमार साहलाई बर्खास्त गर्न पत्र नै पठाएका हुनाले उनी बर्खास्तीमा परेका थिए तर गुरूङका विषयमा नत पार्टी सभापति नै बोलेका थिए नत प्रधानमन्त्री साह नै ।

यसैबीचमा जेनजीहरूका नेताहरूले समेत गुरूङमाथि अनुसन्धान हुनुपर्ने आवाज उठाइरहेका छनु । भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाँड्न आएका बताउने सुधन गुरूङमाथि जेनजी आन्दोन नै हाइज्याक गरेको आरोप समेत लाग्दै आएकोमा उनलाई र बालेन साहलाई रास्वपामा प्रवेश गराएर उनीहरूलाई संरक्षण दिने व्यक्ति को हुन् अब त्यसको समेत अनुसन्धान हुनुपर्ने आवश्यकता देखिन्छ ।

रास्वपाको नेतृत्वको सरकार थिएन र रास्वपा प्रतिपक्षमा बसेको अवस्थामा यस्ता काण्ड बाहिरिएपछि रास्वपाका सभापतिसहित सांसदहरूले त्यस्ता आरोपित व्यक्तिको राजिनामा माग गर्दै संसद नै अवरूद्ध गर्ने थिए तर आफ्नै पार्टीका व्यक्ति मन्त्री भएकाले रास्वपाका सभापति, वरिष्ठ नेता र सांसदहरूको मुख बन्द भएको थियो । तर गुरूङका विषयमा व्यापक विवाद भएको र जनस्तरबाटै राजिनामाको माग भएकाले पार्टी सभापति र प्रधानमन्त्री बालेन गुरूङलाई राजिनामा गराउन बाध्य भएका हुन् ।

## बालेन र...

विचौलिया दीपक भट्टका कम्पनीहरूमा गुरूङको शेयर रहेको र गुरूङ नै अध्यक्ष रहेको हामी नेपाल भन्ने संस्थाले भट्टलाई ठुलो चन्दादाता भन्दै सम्मान गरेको तस्वीरहरु समेत सार्वजनिक भएका छन् । आफ्नो सम्पत्ति विवरणमा उनले भट्टका कम्पनीहरूको ठुलो मात्रामा शेयर लिएको सार्वजनिक गरेनन् । त्यही विषयमा उनी अहिले विवादको घेरामा परेका भएपनि जान्नेलाई छान्ने भन्ने पार्टी रास्वपाले गुरूङलाई पदबाट राजिनामा गराउन सकेको थिएन भने प्रधानमन्त्री बालेन साह समेत त्यो विषयमा मौन रहेका थिए तर उनका विषयमा व्यापक जनदवाव बढेपछि पार्टी सभापति र प्रधानमन्त्री साह राजिनामा गराउन बाध्य भए ।

यस घटनाले बालेन साह र सुधन गुरूङको सरक्षकहरु एउटै रहेको र तिनै संरक्षकहरूले नै उनीहरूलाई भादै २३ र २४ गतेको कार्य गर्न लगाएको हुनाले कतै गुरूङलाई पदबाट हटाउँदा त्यसको पोल खुल्न सक्ने डरले गर्दा उनीहरु गुरूङकै पक्षमा उभिएको जस्तो देखिएको थियो तर, त्यो नाटक धेरै लामो टिकेन र गुरूङ राजिनामा दिन बाध्य भए ।

रास्वपाका सभापति रवि लामिछानेलाई भाद्र २४ गते जेलबाट मुक्त गराएर बाहिर ल्याउँदा उनलाई प्रधानमन्त्री बनाउने नारा रास्वपाकै नेताहरूले लगाएका थिए तर आन्दोलन भने बालेन साहकै निर्देशनमा भएकाले गर्दा बालेन रास्वपामा प्रवेश गर्ने वातावरण सुधन गुरूङले नै मिलाएर थिए । त्यसबेला बालेन र रास्वपाबीचमा भएको सहमतिमा भाद्र २३ र २४ गतेको आन्दोलनको स्वामित्व लिने सहमति दुवै पक्षबीचमा भएकाले विध्वसात्मक घटना कसले घटाएको रहेछ भनेर प्रष्ट हुँदैन र ?

सुधन गुरूङले भाद्र २३ गतेका विरोध प्रदर्शन गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौमा आफैं निवेदन दिएका थिए तर उनले त्यस दिन आफू पानी बाँड्न मात्र आएको र जेनजीहरूको नेता नभएको झुठा बोलेर जेनजीहरूको आन्दोलनलाई टिओवी ग्रुपको सहयोगमा भाद्र २४ गते विध्वसात्मक कार्य गराएको आरोप समेत लागेको छ । यसरी यस्ता विवादास्पद व्यक्तिहरु सबैलाई रास्वपामा प्रवेश गराएर निर्वाचनमा उम्मेदवार बनाएको हुनाले त्यस्तो व्यक्तिहरु अहिले सांसद र मन्त्री रहेका हुनाले उनीहरूमाथि अनुसन्धान हुनु जरूरी रहेको छ ।

## प्रधानमन्त्री...

संलग्न रहेका थिए तर तत्कालिन प्रधानमन्त्री केपी ओलीले भाद्र २४ गते राजिनामा दिएपछि हालका प्रधानमन्त्री बालेन साहले अब नेपाली सेनाका प्रधानसेनापतिसँग वार्ता गरे भन्ने सन्देश स्टाटस लेखेपछि तिनै सुधन गुरूङ वार्तामा गएका र उनले सुशिला कार्कीलाई प्रधानमन्त्री बनाउनुपर्ने अडान लिएका थिए । अहिले तिनै सुधन गुरूङ गृहमन्त्री रहेका थिए तर उनीमाथि आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्दा विवरण लुकाएको आरोप लागेपछि राजिनामा दिन बाध्य भए ।

सुधनले रास्वपाका सभापति रवि लामिछाने र बालेन साहलाई एकै ठाउँमा ल्याएर साहलाई रास्वपाका वरिष्ठ नेता र भावि प्रधानमन्त्रीको उम्मेदवार बनाउने सहमति समेत गराएका र उनी समेत रास्वपामै प्रवेश गरेर गोर्खाबाट निर्वाचित भएका थिए । अहिले उनीमाथि विचौलियाहरूसँग मिलेमतो गरेर शेयर खरिद गरेको आरोप लागेका भएपनि जुन शक्तिले उनलाई भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाँड्न आएको भन्नु भने आदेश दियो त्यही शक्तिले उनलाई गृहमन्त्री बनाएको र त्यही शक्तिले उनलाई बचाउने प्रयास गरेको भएपनि अन्तिममा उनी राजिनामा दिन बाध्य भए ।

रास्वपाका सभापति रवि लामिछानेलाई समेत त्यही शक्तिले अहिले प्रधानमन्त्री बालेन साह मार्फत प्रयोग गरिरहेकाले गर्दा त्यो शक्ति को हो ? भन्ने प्रश्न समेत उठेको छ । केही दिन पहिला रास्वपाको एक बैठकमा प्रधानमन्त्री बालेन साहलाई एउटा फोन आयो, साहले फोन रिसिभ गरेर र केही बेर कुरा गरेपछि फोन सभापति लामिछानेलाई दिए लामिछानेले फोनमा कुरा गरेपछि उनी प्रधानमन्त्री साहका सबै कुरा मान्न तयार भए रास्वपा सूत्रको यो दाबी अनुसार प्रधानमन्त्री बालेन र सुधनका मालिकहरु एउटै हुन् उनीहरूले मालिकको आदेश पालना नगरेको खण्डमा समस्या आउन सक्ने र रास्वपा नै विभाजित गराउन सक्ने भएकाले सभापति लामिछाने भने चुपचाप बालेन सुधनका कुरा मान्न तयार देखिएका हुन् ।

## पार्टीलाई...

निर्वाचनमा कमजोर अवस्थामा पुग्नुलाई राजनीतिक चक्र र फेरी जुरूक्कै उठ्न सक्ने रूपमा उनीहरूले व्यवहार गर्नुपर्नेमा अहिलेको संकटपूर्ण अवस्थामा कांग्रेस र एमालेले आ आफ्ना दलभित्र उठेका समस्याहरु समाधान गरी जनताको पक्षमा आवाज बुलन्द गर्दै अघि बढ्नुपर्नेमा कांग्रेस, एमाले दुवै आ आफ्नै दलभित्र गुट उपगुट खडा गरेर नेतृत्वलाई कमजोर पार्ने अवस्थामा लाग्नु भनेको जनताप्रति उनीहरु जिम्मेवार नहुनु नै हो ।

नेपाली कांग्रेस अहिले गुट, उपगुटको शिकार भएको छ । खास गरेर नेपाली कांग्रेसका तत्कालिन महामन्त्री गगन थापा पक्षले गत पुषमा विशेष महाधिवेशन गरेर त्यही महाधिवेशनबाट थापा आफैं सभापतिमा निर्वाचित भएपछि कांग्रेसभित्रको विवाद सडकमा पुगेको थियो । तत्कालिन सभापति शेरबहादुर देउवा पक्षले सो विशेष महाधिवेशनमा भाग नलिएका हुनाले त्यो विशेष महाधिवेशन थापा पक्षको मात्र थियो । थापा पक्षलाई सर्बोच्च अदालतले समेत मान्यता दिएकोले अब सभापति थापाको कोटमा कांग्रेस एकजुट हुने कि विभाजित हुने भन्नेमा पुगेको छ ।

थापा पक्षले आउँदो १५ औं महाधिवेशनका लागि अहिलेको थापा पक्षको कार्यसमिति भङ्ग गरेर अर्को निर्वाचन गराउने निर्वाचन समिति गठन गरेर दुवै पक्षका नेताहरूलाई कमिटीमा राखेर अघि बढ्न सकेको खण्डमा मात्र कांग्रेस एकजुट हुन सक्ने सम्भावना देखिन्छ । कांग्रेस फेरी विभाजित भएको अवस्थामा त्यसको प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा सत्ताधारी दल रास्वपालाई नै हुने निश्चित जस्तै रहेको छ । त्यही कारणले गर्दा अब पार्टी विभाजित गराउने कि एक बनाउने ? त्यसको जिम्मेवारी थापाकै हो त्यसैले थापाले अब पार्टीलाई एकजुट बनाउन लाग्नु आजको आवश्यकता बनेको छ ।

## स्थानीय...

र पठन पाठन थाल्न निर्देशन दिएका छन् ।

शिक्षामन्त्री सस्मित पोखरेलले पछिल्लो पटक दिएका अभिव्यक्तिहरु विवादको घेरामा परेका छन् । उनले गरेका केही निर्णयहरु निर्णय गरेको केही घण्टाभित्रै संशोधन समेत गर्नु परेको अवस्थामा फेरी उनले गरेका निर्णयहरु संविधान विपरित रहेको आरोप उनीमाथि लाग्न थालेको छ । मुलुक संघीयतामा गईसकेपछि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह वा स्थानीय सरकार भनेर छुटाछुट्टै अधिकारका व्यवस्था संविधानले गरेको छ ।

आधारभूत शिक्षा, माध्यामिक तहसम्मका अधिकार स्थानीय तहलाई हुने कानुनी व्यवस्था रहेकोमा संघीय सरकारका मन्त्रीले सिधै स्थानीय तहको अधिकार हस्तक्षेप गर्न मिल्दैन । जान्नेलाई छान्ने भन्ने रास्वपाको भनाईलाई शिक्षामन्त्री पोखरेलको निर्णयले खण्डित मात्र गरेको छैन संविधान विपरितको निर्णय समेत भएको आरोप उनीमाथि लाग्दै आएको छ ।

वैशाख १५ गते देखि विद्यार्थी भर्ना र वैशाख २१ गतेदेखि पठन पाठन गर्ने र त्यो भन्दा अघि भर्ना गरे कारबाही गर्ने निर्देशन स्थानीय तहलाई शिक्षा मन्त्रालयले दिएको थियो तर संघीय मन्त्रालयको निर्देशनलाई अस्वीकार गर्दै स्थानीय तहले वैशाख २ बाटै भर्ना सुरू गरेका छन् । स्थानीय तहले ढिलो पठन पाठन हुँदा र आइतबार पनि विदा हुँदा कोर्ष नसकिने र स्थानीय तहको अधिकार संघीय सरकारले खोस्न लागेको भन्दै संविधानमा व्यवस्था भएनुसार आफूहरु अघि बढ्ने बताउँदै आएका हुनाले संघीय शिक्षामन्त्री संकटमा परेका छन् ।

## प्रदेश सरकार र...

संविधानले नै संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह वा स्थानीय सरकारको व्यवस्था गरेर अधिकराको बाँडफाँड समेत गरेको छ । तर बालेन सरकारले चैत्र १८ गते संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहलाई पत्र पठाउँदै अब उप्रान्त सरकारी निकायका सूचनाहरु सरकारी सञ्चारमाध्यम गोरखापत्र, नेपाल टिभी र रेडियो नेपालबाहेक निजी क्षेत्रका सञ्चार माध्यमहरूबाट प्रकाशित प्रसारित नगराउनु भन्ने फरमान जारी गऱ्यो । त्यो विषयको व्यापक विरोध भएपनि बालेन सरकार कानमा तेल हालेर बसेको छ ।

त्यसैगरी बालेन सरकारले स्थानीय तहको अधिकार खोस्ने उदेश्यले आगामी शैक्षिक वर्षको पठन पाठन यहि वैशाख १५ गतेदेखि मात्र गर्न भनेर स्थानीय तहलाई उर्दी जारी गरेपछि स्थानीय तहले त्यसलाई आफ्नो अधिकार खोस्ने प्रयास गरेको भन्दै वैशाख १ गतेदेखि नै भर्ना सुरू गरेका छन् । संविधानले आधारभूत शिक्षा, माध्यामिक विद्यालयसम्म स्थानीय तहको अधिकार क्षेत्र भित्र हुनेछ भन्ने व्यवस्था गरेको भएपनि त्यसलाई उल्लंघन गर्दै सरकार अघि बढ्न खोजेको हुनाले स्थानीय तहले त्यसको विरोध गरिरहेका भएपनि बालेन सरकार विरोधको भाषा सुन्न चाहिरहेका छैन ।

निजी क्षेत्रका सञ्चारमाध्यमलाई विज्ञापन उपलब्ध नगराउने फरमान जारी गर्नु पनि प्रदेश सरकार र स्थानीय तहको अधिकार खोसेर सरकारी सञ्चार माध्यमलाई आफ्नो भजन मण्डलीका रूपमा प्रयोग गर्न खोजिनु बाहेक अन्य केही हुन सक्दैन । बरू बालेन सरकारले सञ्चार माध्यम चलाउँदैन भनेर सबै सञ्चारमाध्यमलाई एउटै व्यवहार गरेको भए त्यसलाई स्वागत गर्न सकिन्थ्यो तर बालेन सरकारपनि यस अधिका सरकारजस्तै सरकारी सञ्चारमाध्यमबाट आफ्नो भजन मण्डलीको स्तुती गाउन चाहन्छ भन्ने प्रमाणित भएन र ?


**राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं !**

**'अर्थतन्त्र मापनको लागि आर्थिक गणना'**

- आर्थिक गणना किनः देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्यांक प्राप्त गर्न,
- गणना अवधिः २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- कसलाई समेट्नेः सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू ।
- तथ्यांक ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ ।
- सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार